MILLENNIUM
CHALLENGE CORPORATION
UNITED STATES OF AMERICA

# मिलेनियम च्यालेञ्ज एकाउण्ट नेपाल
# (एमसिए–नेपाल)

# वार्षिक प्रतिवेदन

आर्थिक वर्ष २०८०/०८१



मिलेनियम च्यालेञ्ज एकाउण्ट नेपाल (एमसिए-नेपाल)

# वार्षिक प्रतिवेदन

आर्थिक वर्ष २०८०/०८१



# सञ्चालक समिति अध्यक्षको मन्तव्य

पूर्वाधार निर्माणसम्बन्धी दुईवटा महत्वपूर्ण पहलहरू विद्युत् प्रसारण आयोजना तथा सडक मर्मत आयोजनासहितको एमसीसी नेपाल कम्प्याक्टमा नेपाल सरकारको १९.७० करोड अमेरिकी डलर र अमेरिकी सरकारको ५० करोड अमेरिकी डलर लगानी रहेको छ।

यी आयोजनाको उद्देश्य विद्युत्को उपलब्धता र भरपर्दोपना अभिवृद्धि गर्नु, सडकको गुणस्तर कायम राख्नु तथा नेपाल एवं यस क्षेत्रबीच ऊर्जा व्यापारलाई सहजीकरण गरेर नेपालको आर्थिक वृद्धिमा योगदान गर्नु रहेका छन् ।

यी आयोजना कार्यान्वयनको जिम्मेवारी पाएको नेपाल सरकारको निकाय मिलेनियम च्यालेञ्ज एकाउण्ट नेपाल विकास समिति (एमसिए-नेपाल) ले नेपाल सरकार र मिलेनियम च्यालेञ्ज कर्पोरेशन (एमसीसी) बीचको सहमति अनुसार २०८० साल भदौ १३ गतेदेखि एमसीसी नेपाल कम्प्याक्टको कार्यान्वयन थालनी गरेको थियो । पाँच वर्षको समयावधिभित्र यी दुई आयोजना सफलतापूर्वक सम्पन्न हुने सुनिश्चित गर्न आवश्यक पूर्वशर्तहरू हासिल गरी कार्यान्वयन थालनी गरिएकोले यो एउटा महत्वपूर्ण उपलब्धि हो ।

यस परिप्रेक्ष्यमा आर्थिक वर्ष २०८०/०८१ मा एमसिए-नेपालले हासिल गरेका उपलब्धिहरू उल्लेख्य रहेका छन् । दुईवटा ४०० केभी सबस्टेशन निर्माणसम्बन्धी सम्झौतामा हस्ताक्षर गर्नमा प्राप्त सफलता, प्रभावित जिल्लाहरूमा प्राप्ति गरिने जग्गाहरूको दर निर्धारण गर्न मुआब्जा निर्धारण समिति गठन गर्दै प्रसारण लाइन निर्माणका लागि जग्गा प्राप्तिका सन्दर्भमा भएका प्रगति तथा १० जिल्लामध्ये नौ जिल्लामा रुख गणना कार्यको सम्पन्नता प्रमुख उपलब्धिहरूमध्ये केही हुन् । यसका अतिरिक्त, भौतिक तथा आर्थिक रूपमा विस्थापित मानिसहरूको जीविकोपार्जनका माध्यममा सुधार सुनिश्चित गर्नका लागि अन्तरराष्ट्रिय मापदण्डमा आधारित पुनर्वास अभ्यासका सन्दर्भमा रातमाटे जीविकोपार्जन पुनःस्थापना कार्यक्रमको सफल कार्यान्वयन उदाहरणीय बनेको छ । आगामी आर्थिक वर्ष अझ बढी उपलब्धि हासिल गर्नका लागि कार्यक्रमले अहिलेसम्ममा लिएको गतिले थप तीव्रता हासिल गर्ने आशा म गर्छु ।

नेपाल सरकार यी महत्वपूर्ण पूर्वाधार विकास आयोजना समयमै कार्यान्वयन गर्नका लागि अनवरत सहयोग उपलब्ध गराउन प्रतिबद्ध छ । यसैगरी मिलेनियम च्यालेञ्ज कर्पोरेशनबाट पनि आयोजनाहरूको निर्बाध कार्यान्वयनका लागि निरन्तर सहकार्य तथा सहयोग प्राप्त हुने अपेक्षा हामीले गरेका छौं ।

अन्त्यमा, गत वर्ष हासिल भएका सफलताका लागि म एमसिए-नेपाल नेतृत्वसहित सिङ्गो टोलीलाई बधाइ दिन चाहन्छु । आयोजनाहरू समयमै सम्पन्न गर्नु आफैमा चुनौतीपूर्ण कार्य हो तर नेपाल सरकार एवं एमसीसी दुवैका वातावरणीय एवं सामाजिक मापदण्डहरू पालना गर्दै सम्पूर्ण सरोकारवाला पक्षका चासोहरू सम्बोधन गर्ने योजनासहित एमसिए-नेपाल पर्याप्त रूपमा तयार रहेको कुरामा म विश्वस्त छु ।

यस कार्यक्रम सफलतापूर्वक सम्पन्न गर्नका लागि सम्पूर्ण सरोकारवालाबाट निरन्तर सहयोग, सहकार्य र समर्थनको अपेक्षा गर्दछु ।

डा. रामप्रसाद घिमिरे

सचिव

अर्थ मन्त्रालय

नेपाल सरकार



# कार्यकारी निर्देशकको सन्देश

मिलेनियम च्यालेञ्ज एकाउण्ट नेपाल विकास समिति (एमसिए-नेपाल) को आ.व. २०८०/०८१ को वार्षिक प्रतिवेदन प्रस्तुत गर्न पाउँदा मलाई खुशी लागेको छ। यो प्रतिवेदन नेपाल सरकारसमक्ष प्रस्तुत गरिएको समष्टिगत आर्थिक प्रतिवेदन, एमसिए-नेपाल सञ्चालक समितिसमक्ष प्रस्तुत गरिएको एमसीसी नेपाल कम्प्याक्ट कार्यक्रमसम्बन्धी अद्यावधिक जानकारी तथा २०८० साल साउन १ गतेदेखि २०८१ साल असार ३१ गतेसम्मको अवधिमा हाम्रा आयोजनाहरूको अवस्थाको विस्तृत सिंहावलोकन हो।

गएको वर्ष २०८० साल भदौ १३ गते एमसीसी नेपाल कम्प्याक्ट कार्यान्वयन चरणमा प्रवेश गर्नुका साथै यसका दुई वटा आयोजना अर्थात् विद्युत् प्रसारण आयोजना र सडक मर्मत आयोजनाका सन्दर्भमा प्रगति हासिल भएको छ।

एमसिए-नेपाल खरिदसम्बन्धी केही प्रमुख सम्झौता सम्पन्न गर्न सफल हुनुका साथै यसले विद्युत् प्रसारण आयोजना अन्तर्गत निर्माण कार्य गरिने स्थानहरूमा सम्झौता गरिएका निर्माण कम्पनीहरूलाई पहुँच उपलब्ध गराउनका लागि महत्वपूर्ण कामहरू गरेको छ। नुवाकोट जिल्लामा रातमाटे सबस्टेशन र नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) जिल्लामा नयाँ बुटवल सबस्टेशन गरी दुई वटा ४०० केभि जीआईएस सबस्टेशन निर्माणका लागि भिन्नाभिन्नै सम्झौतामा हस्ताक्षर यसै अवधिमा भए। निर्माणपछि एक हजार एमभीए क्षमताको हुने रातमाटे सबस्टेशन देशकै ठूला सबस्टेशनमध्ये एउटा बन्नेछ।

यसैगरी रातमाटे सबस्टेशन निर्माण स्थलका आयोजना प्रभावित २७० जना व्यक्तिका लागि नयाँ व्यवसाय र समृद्धितर्फको मार्गप्रशस्त गर्नका लागि सञ्चालित दुई बर्से रातमाटे जीविकोपार्जन पुनःस्थापना कार्यक्रम २०८१ साल जेठ १७ गते सम्पन्न भएको छ। उक्त कार्यक्रम अन्तर्गत सञ्चालन गरिएका उच्च मूल्य कृषि वस्तु विकाससम्बन्धी प्रशिक्षण तथा बुनाइ, कम्प्यूटर एवं वित्तीय साक्षरता लगायतका विषयमा प्रदान गरिएका व्यावसायिक तथा सीपमूलक तालिमहरूबाट आयोजना प्रभावित व्यक्तिहरू लाभान्वित भएका थिए। यस अघि एमसिए-नेपालले सबस्टेशन निर्माणका लागि करिब चार सय रोपनी जग्गा प्राप्ति गरेको थियो।

निर्माणस्थलमा पहुँच सुनिश्चित गर्नका लागि सञ्चालित क्रियाकलाप अन्तर्गत नौवटा प्रभावित जिल्लामा प्रसारण लाइनका टावरको जग निर्माणका लागि जग्गा प्राप्ति प्रक्रिया अन्तिम चरणमा पुगेको छ। दशवटा जिल्लामध्ये नौवटा जिल्लामा ८५६ वटा टावरका लागि आवश्यक जग्गाको मूल्य निर्धारणका लागि सम्बन्धित प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा मुआब्जा निर्धारण समितिहरू गठन गरिएको छ। धादिङ, मकवानपुर र नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) जिल्लामा प्राप्ति गरिने जग्गाको मूल्य निर्धारण भइसकेको छ। यसैगरी बाँकी छ वटा जिल्लामा गठन गरिएका मुआब्जा निर्धारण समितिहरूले सम्बन्धित जिल्लामा प्राप्ति गरिने जग्गाको मूल्य निर्धारण गर्नेछन्। आयोजना प्रभावित दश वटा जिल्लामध्ये नौ वटामा रुख गणना कार्य सम्पन्न भइसकेको छ। एमसिए-नेपालले रुख कटानी अनुमति प्राप्त गर्नका लागि रुख गणना कार्यबाट सङ्कलित तथ्याङ्कको प्रमाणीकरण गरिरहेको छ। एमसिए-नेपालले आगामी आ.व.मा बाँकी रहेको काठमाडौँ जिल्लामा पनि निर्माणस्थलमा पहुँचसम्बन्धी कामलाई अगाडि बढाउने योजना बनाएको छ।

सडक मर्मत आयोजना अन्तर्गत पूर्व-पश्चिम राजमार्गको धानखोलादेखि लमहीसम्मको ४० किमि सडक खण्डको मर्मत कार्यका लागि प्रारम्भिक वातावरणीय परीक्षण कार्य सम्पन्न भइसकेको छ भने एमसिए-नेपालले यसका लागि बोलपत्र प्रकाशन गर्ने तयारी गरिरहेको छ। यस खण्डमा नेपालमै पहिलो पटक फूल डेप्थ रिक्लेमेशन र सुपरपेभ नामक जलवायुमैत्री प्रविधि प्रयोग गरेर मर्मत कार्य गरिनेछ।

आगामी वर्षका लागि हाम्रा लक्ष्यहरू प्रसारण लाइन तथा सबस्टेशनहरू दुवैको निर्माण कार्यलाई अगाडि बढाउनु, आयोजना प्रभावित सम्पूर्ण जिल्लाहरूमा प्राप्ति गरिने जग्गाको मुआब्जा निर्धारण गरी वितरण कार्य पनि सम्पन्न गर्नु तथा सडक मर्मत कार्यलाई अगाडि बढाउनु हुनेछन्। हामीले यी लक्ष्य पूरा हुने अपेक्षा गरेका छौं तर विगतका अनुभवहरूलाई दृष्टिगत गर्दा नेपालमा आयोजनाको जग्गा प्राप्ति प्रक्रियाबाट प्रभावित समुदायहरूसँग काम गर्नु चुनौतिपूर्ण हुनुका साथै समय लाग्ने देखिन्छ। हामीले यस प्रक्रियालाई निष्पक्ष रूपमा अगाडि बढाउने क्रममा समाधानका उपाय सफलतापूर्वक पहिल्याउनुका साथै स्तरीय मापदण्ड कायम गरेका छौं र आगामी दिनमा पनि यसलाई निरन्तरता दिने योजना बनाएका छौं।

एमसिए-नेपालका सबै सरोकारवालाको सहकार्यात्मक प्रयास नभएको भए गएको आर्थिक वर्षमा भएका उपलब्धिहरू हासिल हुन सम्भव थिएन। म अर्थ मन्त्रालय तथा एमसीसीलाई निरन्तर सहयोगका लागि हार्दिक कृतज्ञता व्यक्त गर्न चाहन्छु। उहाँहरूको सहयोग बिना हाम्रो यो प्रगति सम्भव हुने थिएन। गएको वर्ष हासिल गरिएका उपलब्धिहरूका सन्दर्भमा निकै प्रभावकारी नेतृत्व र मार्गनिर्देशन उपलब्ध गराउनुभएकोमा म हाम्रो सञ्चालक समितिका अध्यक्ष तथा सदस्यहरूप्रति पनि गहिरो आभार व्यक्त गर्न चाहन्छु।

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, वन तथा वातावरण मन्त्रालय, नेपाल विद्युत् प्राधिकरण, विद्युत् नियमन आयोग, सडक विभाग तथा सडक बोर्ड नेपालका साथै विभिन्न सरकारी निकायसँगको हाम्रो महत्वपूर्ण साझेदारीका कारण उल्लेख्य परिणाम हासिल भएका छन्। आगामी वर्ष पनि यो सहकार्यले निरन्तरता पाउने अपेक्षा हामीले गरेका छौं।

अन्त्यमा, एमसिए-नेपाल र एमसीसीका सम्पूर्ण समर्पित कर्मचारीहरू, हाम्रा महत्वपूर्ण विज्ञहरू, प्राविधिक साझेदारहरू तथा परामर्शदाताहरू सबै प्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु। अहिलेसम्ममा हामीले हासिल गरेका प्रगतिका लागि उहाँहरूको दृढ प्रतिबद्धता तथा महत्वपूर्ण योगदान निर्णायक रहेको थियो।



खड्ग बहादुर विष्ट

कार्यकारी निर्देशक

# विषय सूची


**कार्यकारी सारांश** १

**खण्ड १ : मिलेनियम च्यालेन्ज एकाउण्ट नेपाल विकास समिति : एक परिचय** ३

१.१ संस्थागत परिचय ३

१.२ सञ्चालक समिति ३

१.३ सञ्चालक समिति बैठकका झलक ३

१.४ सङ्गठनात्मक संरचना ५

**खण्ड २ : आयोजनाहरू** ६

२.१ विद्युत् प्रसारण आयोजना ६

२.१.१ प्रसारण लाइनसम्बन्धी क्रियाकलाप ६

२.१.२ सबस्टेशनसम्बन्धी क्रियाकलाप ७

२.१.३ ऊर्जा क्षेत्र प्राविधिक सहायतासम्बन्धी क्रियाकलाप ९

२.१.४ एमसिए-नेपाल साझेदारी कार्यक्रमका उप-क्रियाकलाप ११

२.२ सडक मर्मत आयोजना १२

२.२.१ प्राविधिक सहायतासम्बन्धी क्रियाकलाप १२

२.२.२ रणनैतिक सडक मर्मतसम्बन्धी क्रियाकलाप १३

२.३ आयोजना क्षेत्रहरू १५

**खण्ड ३ : वातावरणीय र सामाजिक सुरक्षा** १६

३.१ वातावरण, स्वास्थ्य तथा सुरक्षा १६

३.१.१ विद्युत् प्रसारण आयोजनाका लागि थप वातावरणीय तथा सामाजिक प्रभाव मूल्याय्न १६

३.१.२ सडक मर्मत आयोजनाको प्रारम्भिक वातावरणीय परीक्षण १६

३.१.३ रुख कटानसम्बन्धी क्रियाकलाप १७

३.१.४ वातावरणीय तथा सामाजिक व्यवस्थापन प्रणाली १९

३.१.५ स्वास्थ्य तथा सुरक्षा १९

३.२ सामाजिक सुरक्षा तथा पुनर्स्थापन १९

३.२.१ जग्गा प्राप्ति तथा पुनर्वास क्रियाकलाप १९

३.२.२ पुनर्वास क्रियाकलापहरू २१

**खण्ड ४ : लैङ्गिक तथा सामाजिक समावेशीकरण** २३

४.१ मानव बेचबिखन जोखिम व्यवस्थापन योजना २३

४.२ मानव ओसारपसार तथा बेचबिखन सम्बोधनसम्बन्धी प्रोटोकल २३

४.४ प्रसारण लाइन पुनर्वास कार्ययोजनामा लैङ्गिक तथा सामाजिक समावेशीकरण २४

४.४ सुपरिवेक्षण इञ्जिनियरलाई मानव ओसारपसार तथा बेचबिखनसम्बन्धमा अभिमूखीकरण २४

**खण्ड ५ : गुनासो सुनुवाइ संयन्त्र** २५

**खण्ड ६ : जोखिम तथा चुनौतीहरू** २६

**खण्ड ७ : वित्तीय विवरण** २७

**खण्ड ८ : सामुदायिक आवाज** ३०

# कार्यकारी सारांश




*तात्कालीन प्रधानमन्त्री श्री पुष्पकमल दाहाल तथा मिलेनियम च्यालेञ्ज कर्पोरेशन (एमसीसी) का प्रमुख कार्यकारी अधिकृत श्री एलिस पी. अल्ब्राइट एमसीसी नेपाल कम्प्याक्ट कार्यान्वयन चरणमा प्रवेश गरेको अवसरमा २०८० साल असोज १७ गते एमसिए-नेपालद्वारा आयोजित विशेष समारोहमा सहभागी हुनुहुँदै ।*

यस प्रतिवेदनमा नेपाली आव २०८०/०८१ (२०८० साल साउन १ गतेदेखि २०८१ साल असार ३१ गतेसम्म) लाई समेटिएको छ । यस कार्यकारी सारांशमा प्रतिवेदनले समेटेको अवधिमा भएका कार्यक्रम तथा आयोजनासँग सम्बन्धित क्रियाकलापहरूका मुख्य जानकारीहरू प्रस्तुत गरिएको छ ।

## मुख्य जानकारीहरू

### एमसीसी नेपाल कम्प्याक्ट कार्यान्वयन चरणमा प्रवेश

तात्कालीन प्रधानमन्त्री श्री पुष्पकमल दाहाल तथा मिलेनियम च्यालेञ्ज कर्पोरेशन (एमसीसी) का प्रमुख कार्यकारी अधिकृत श्री एलिस पी. अल्ब्राइट नेपाल सरकारको लगानी तथा एमसीसीको अनुदान रहेको एमसीसी नेपाल कम्प्याक्ट कार्यान्वयन चरणमा प्रवेश गरेको अवसरमा २०८० साल असोज १७ गते एमसिए-नेपालद्वारा आयोजित विशेष समारोहमा सहभागी हुनुभयो । उक्त समारोहमा विभिन्न सहयोगी मन्त्रालयहरू, नेपाल विद्युत् प्राधिकरण, विद्युत् नियमन आयोग, सडक विभाग, सडक बोर्ड नेपाल, एमसिए-नेपाल सञ्चालक समिति, अमेरिकी राजदूतावास, स्वतन्त्र ऊर्जा उत्पादकहरू, नागरिक समाज र आमसञ्चार माध्यमका करिब दुईसय जना सहभागी भएका थिए ।

माननीय अर्थमन्त्री डा. प्रकाश शरण महत र एमसीसीका कम्प्याक्ट सञ्चालनसम्बन्धी उपाध्यक्ष श्री क्यामेरोन अल्फोर्डबीच पत्र आदानप्रदान गरी नेपाल सरकार र एमसीसीले २०८० साल भदौ १३ गते औपचारिक रूपमा एमसीसी नेपाल कम्प्याक्ट कार्यान्वयन थालनी भएको घोषणा गरेको थियो । नेपाल सरकार तथा एमसीसीबीच आयोजना तयारीसम्बन्धमा पर्याप्त प्रगति हासिल भएपछि उक्त घोषणा गरिएको थियो । उक्त कार्यक्रममा नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरूका सचिवहरू, आयोजना साझेदारहरू, एमसिए-नेपाल सञ्चालक समिति तथा नेपालका लागि अमेरिकी राजदूतावासका प्रतिनिधिहरू सहित करिब ६० जनाको सहभागिता रहेको थियो ।

पाँच वर्षको समयसीमाभित्र कम्प्याक्ट कार्यक्रम सफलतापूर्वक सम्पन्न हुने सुनिश्चितताका लागि पूर्व शर्तहरू तथा तयारी कार्य पर्याप्त रूपमा सम्पन्न भएको जनाउने उक्त कार्यान्वयनमा प्रवेशसम्बन्धी घोषणा एमसीसी कम्प्याक्टका सन्दर्भमा महत्वपूर्ण कोशेढुङ्गाका हो ।




*नेपाल सरकार र एमसीसीद्वारा एमसीसी नेपाल कम्प्याक्ट कार्यान्वयन थालनी भएको औपचारिक घोषणाका क्रममा २०८० साल भदौ १३ गते तात्कालीन अर्थमन्त्री डा. प्रकाश शरण महत र एमसीसीका कम्प्याक्ट सञ्चालनसम्बन्धी उपाध्यक्ष श्री क्यामेरोन अल्फोर्ड पत्र आदानप्रदान गर्नुहुँदै ।*

## आयोजनासम्बन्धी अद्यावधिक जानकारी - विद्युत् प्रसारण आयोजना

### *मुख्य सम्झौताहरू सम्पन्न*

एमसिए-नेपालले नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) जिल्लामा नयाँ बुटवल सबस्टेशन र नुवाकोट जिल्लामा रातमाटे सबस्टेशन गरी दुई वटा ४०० केभि जीआईएस सबस्टेशन निर्माणसम्बन्धी सम्झौता क्रमशः २०८१ साल वैशाख २७ गते र २०८१ साल जेठ ३२ गते सम्झौता गरेको छ । यस अघि विद्युत् प्रसारण लाइन र सबस्टेशन निर्माण सुपरिवेक्षण इन्जिनियरसम्बन्धी परामर्श सेवाका लागि २०८० साल असोज १२ गते सम्झौता गरिएको थियो । यसैगरी विद्युत् प्रसारण आयोजनाको ऊर्जा क्षेत्र प्राविधिक सहायतासम्बन्धी क्रियाकलाप अन्तर्गत विद्युत् नियमन आयोगलाई पूर्णकालीन सल्लाहकारका रूपमा परामर्श सेवा उपलब्ध गराउन २०८१ साल असार ३१ गते सम्झौता गरिएको थियो ।

### *जग्गा प्राप्ति तथा रुख कटान*

एमसिए-नेपालले जग्गा प्राप्ति ऐन, २०३४ अनुसार प्रसारण लाइनका ८५६ वटा टावरको जग निर्माणका लागि आयोजना प्रभावित दश जिल्लामध्ये नौ जिल्लामा आवश्यक जग्गा प्राप्तिमा उल्लेख्य प्रगति गरेको छ । सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा गठित मुआब्जा निर्धारण समितिहरूले धादिङ, मकवानपुर र नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) जिल्लामा प्राप्ति गरिने जग्गाको मुआब्जा दर निर्धारण गरिसकेका छन् ।

यसैगरी चितवन, पाल्पा, नवलपरासी (बर्दघाट सुस्ता पूर्व), नुवाकोट, तनहु र सिन्धुपाल्चोक जिल्लाका मुआब्जा निर्धारण समितिहरू सम्बन्धित जिल्लामा प्राप्त गरिने जग्गाको मुआब्जा दर निर्धारणको अन्तिम चरणमा पुगेका छन् । यसका अतिरिक्त एमसिए-नेपालले आयोजना प्रभावित १० वटा जिल्लामध्ये नौ वटा जिल्लामा रुख गणना कार्य सम्पन्न गरेको छ । रुख गणना कार्य अगाडि बढाउनुपूर्व सामुदायित वन उपभोक्ता समूहहरू तथा कबुलियती वन उपभोक्ता समूहहरूसँग विस्तृत परामर्श गरिएको थियो ।

## आयोजनासम्बन्धी अद्यावधिक जानकारी - सडक मर्मत आयोजना

एमसिए-नेपालले पूर्व - पश्चिम राजमार्गको दाङ जिल्लामा पर्ने धानखोलादेखि लमहीसम्मको ४० किमि सडक खण्डको स्तरोन्नतिसम्बन्धी प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयमा २०८१ साल जेठ २० गते प्रस्तुत गरेको छ । उक्त सडक खण्डको स्तरोन्नतिका क्रममा नेपालमै पहिलोपटक फूल डेप्थ रिक्लेमेशन नामक नवीन, जलवायुमैत्री तथा लागत प्रभावकारी दिगो प्रविधि प्रयोग गरिनेछ । यसैगरी आवधिक मर्मतका लागि चितवन जिल्लाको नारायणगढदेखि मुग्लिनसम्मको ३६ किमि सडक खण्ड पहिचान गरिएको छ ।

## खण्ड १ :
# मिलेनियम च्यालेञ्ज एकाउण्ट नेपाल विकास समिति : एक परिचय

## १.१ संस्थागत परिचय

मिलेनियम च्यालेञ्ज एकाउण्ट नेपाल विकास समिति (एमसिए-नेपाल) अमेरिकी सरकारको मिलेनियम च्यालेञ्ज कर्पोरेशन (एमसीसी) कम्प्याक्ट कोषको अनुदान ५० करोड अमेरिकी डलर र नेपाल सरकारको लगानी १९.७० करोड अमेरिकी डलर गरी ६९.७० करोड अमेरिकी डलरबाट बन्ने पूर्वाधार कार्यक्रमको व्यवस्थापनका लागि विकास समिति ऐन, २०१३ अन्तर्गत स्थापना गरिएको नेपाल सरकारको निकाय हो। यो कार्यक्रमका उद्देश्यहरू लगानीलाई प्रोत्साहन गर्न तथा आर्थिक वृद्धिमा तीव्रता ल्याउन विद्युत्को उपलब्धता र भरपर्दोपनामा वृद्धि गर्नु, सडकको गुणस्तर कायम राख्नु तथा नेपाल र यस क्षेत्रबीचको ऊर्जा व्यापारमा सहजीकरण गर्नु हुन्। यस कार्यक्रम अन्तर्गत राष्ट्रिय गौरवको आयोजना विद्युत् प्रसारण आयोजना र सडक मर्मत आयोजना गरी दुईवटा आयोजना कार्यान्वयन गरिनेछ।

## १.२ सञ्चालक समिति सदस्यहरू

एमसिए-नेपाल सञ्चालक समिति आर्थिक वर्ष २०८०/०८१ को अन्त्यसम्ममा देहायका अध्यक्षहरू रहनुभएको कार्यकारी निकाय हो :

- श्री अर्जुन प्रसाद पोखरेल, सचिव, अर्थ मन्त्रालय - ३५औँ र ३६औँ सञ्चालक समिति बैठकका अध्यक्ष
- डा. कृष्णहरि पुष्कर, सचिव, अर्थ मन्त्रालय - ३७औँ सञ्चालक समिति बैठकदेखि र ४०औँ बैठकसम्मका अध्यक्ष
- श्री मधुकुमार मरासिनी, सचिव, अर्थ मन्त्रालय - ४१औँ र ४२औँ सञ्चालक समिति बैठकका अध्यक्ष

आर्थिक वर्ष २०८०/०८१ को अन्त्यमा सञ्चालक समितिका सदस्यहरू निम्नानुसार हुनुहुन्थ्यो :

- श्री नविन राज सिंह, सह-सचिव, ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय
- श्री भीमार्जुन अधिकारी, सह-सचिव, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
- श्री कुलमान घिसिङ, कार्यकारी निर्देशक, नेपाल विद्युत् प्राधिकरण
- श्री कुमार पाण्डे, सदस्य (प्रतिनिधि, निजी क्षेत्र)
- श्री सुरेन्द्रकुमार महतो, वैकल्पिक सदस्य (प्रतिनिधि, नागरिक समाज)
- श्री खड्ग बहादुर विष्ट, कार्यकारी निर्देशक, एमसिए-नेपाल - सदस्य-सचिव


## १.३ सञ्चालक समिति बैठकका झलकहरू

आर्थिक वर्ष २०८०/०८१ (२०८० साल साउन १ गतेदेखि २०८१ साल असार ३१ गतेसम्म) मा एमसिए-नेपाल सञ्चालक समितिका ३५औँदेखि ४२औँ बैठक बसेका थिए। सञ्चालक समिति बैठकका कार्यसूची र निर्णयहरू तल प्रस्तुत गरिएको छ :

| सञ्चालक समितिको बैठक सङ्ख्या | मिति | कार्यसूची तथा निर्णयहरू |
|---|---|---|
| ३५औँ बैठक | २०८० साल साउन २३ गते | १. कार्यस्थलमा पहुँचसम्बन्धी पूर्वशर्तका सन्दर्भमा भएका प्रगतिबारे जानकारी प्रस्तुति;<br>२. विद्युत् प्रसारण आयोजना अन्तर्गत 'प्रसारण लाइन तथा सबस्टेशनको निर्माण सुपरिवेक्षणका लागि परामर्श सेवा' सम्बन्धी बोलपत्र प्रतिस्पर्द्धासम्बन्धी जानकारी प्रस्तुति। |
| ३६औँ बैठक | २०८० साल साउन ३१ गते | १. कार्यस्थलमा पहुँचसम्बन्धी पूर्वशर्त र २०८० साल भदौ १३ गते कार्यान्वयन प्रवेश गर्नेसम्बन्धी जानकारी प्रस्तुति। |
| ३७औँ बैठक | २०८० साल असोज १२ गते | १. डिजाइन तथा रोजगारीदाताका आवश्यकतासम्बन्धी अन्य प्रावधानहरूमा परिमार्जन गरी प्रसारण लाइनका खण्डहरूको बोलपत्र पुनःआह्वान गर्नेसम्बन्धमा जानकारी प्रस्तुति;<br>२. एमसिए-नेपालको कर्मचारी विनियममा संशोधन स्वीकृत। |

| | | |
|---|---|---|
| ३८औं बैठक | २०८० साल मङ्सिर ११ गते | १. सडक मर्मत आयोजनासम्बन्धी पुनर्वास नीति संरचना अन्तर्गत आयोजना प्रभावितहरूले पाउने सेवासुविधा तालिका स्वीकृत;<br>२. एमसिए-नेपालका आयोजनाहरूका लागि आयात गरिने वस्तुहरूको मूल सूची स्वीकृतिसम्बन्धी प्रक्रिया स्वीकृत। |
| ३९औं बैठक | २०८० साल पुस ११ गते | १. 'विद्युत् प्रसारण आयोजना अन्तर्गतका प्रसारण लाइन र सबस्टेशन निर्माण क्रियाकलापको सुपरिवेक्षणका लागि परामर्श सेवा' सम्बन्धी सम्झौतामा गरिएको संशोधन र 'रुख गणना र स्थलगत प्रमाणीकरणसम्बन्धी परामर्श सेवा' सम्बन्धी सम्झौताको थप लागत नपर्ने गरी म्याद थपसम्बन्धी प्रस्ताव स्वीकृत;<br>२. प्रसारण लाइनसम्बन्धी बोलपत्र प्रकाशन कार्यलाई तीव्रता प्रदान गर्नका लागि विकल्प तथा उपायबारे छलफल। |
| ४०औं बैठक | २०८० साल फागुन २३ गते | १. खरिद योजना ८.१ स्वीकृत;<br>२. जग्गा प्राप्तिसम्बन्धी विशेषज्ञहरूसँगको सम्झौतामा संशोधन स्वीकृत;<br>३. अनुगमन तथा मूल्याङ्कन योजना स्वीकृत;<br>४. सन् २०२३ को सेप्टेम्बरसम्मको कार्यसम्पादनका लागि तलब वृद्धि र कार्यसम्पादनमा आधारित प्रोत्साहन सम्बन्धमा जानकारी प्रस्तुति। |
| ४१औं बैठक | २०८१ साल जेठ ७ गते | १. खरिद योजना ८.३ स्वीकृत;<br>२. नागरिक समाज र निजी क्षेत्रलाई प्रतिनिधित्व गर्ने एमसिए-नेपाल सञ्चालक समितिका सदस्यको पुनःनियुक्ति;<br>३. कर्मचारीहरूसँगको सम्झौता नवीकरण गर्ने अधिकार कार्यकारी निर्देशकलाई प्रदान गर्ने प्रस्ताव स्वीकृत। |
| ४२औं बैठक | २०८० साल असार २४ गते | १. खरिद योजना ८.४ स्वीकृत;<br>२. एमसिए-नेपालको पुनःसंरचना र सङ्गठनात्मक संरचना स्वीकृत;<br>३. सन् २०२३ को सेप्टेम्बरसम्मको कार्यसम्पादनका लागि तलब वृद्धि र कार्यसम्पादनमा आधारित प्रोत्साहनसम्बन्धमा जानकारी प्रस्तुति।<br>४. रातमाटे सबस्टेशन निर्माणका लागि सरकारको जग्गा दीर्घकालका लागि भाडामा लिने प्रस्ताव स्वीकृत;<br>५. एमसिए-नेपालले प्राप्त गरेका जग्गाको पुँजीगत लाभकरको भुक्तानी र लेखापरीक्षणसम्बन्धी विषयहरूमा जानकारी प्रस्तुति;<br>६. एमसिए-नेपालको सञ्चालक समितिलाई थप लैङ्गिक समावेशी बनाउन नागरिक समाज र निजी क्षेत्रका प्रतिनिधिहरू छनोटसम्बन्धी मार्गनिर्देशिकामा गरिएको संशोधन स्वीकृत। |

## १.४ सङ्गठनात्मक संरचना




Notes

- MCA-Nepal has 7 member Board of Directors
- MCA-Nepal Management Unit has 66 positions

खण्ड २

# आयोजनाहरू

## २.१ विद्युत् प्रसारण आयोजना

विद्युत् प्रसारण आयोजना अन्तर्गत बढीमा ३१५ किलोमिटर लामो ४०० केभी डबल सर्किट विद्युत् प्रसारण लाइन तथा तीन वटा नयाँ सबस्टेशन निर्माण गर्नेछ। यो आयोजना अन्तर्गत ऊर्जा क्षेत्रमा नेपालको कार्यसम्पादनलाई सशक्त बनाउन उपलब्ध गराइने प्राविधिक सहायतासम्बन्धी क्रियाकलाप पनि पर्छन्। यस आयोजनाका उद्देश्य गुणस्तरीय र भरपर्दो विद्युत्को उपलब्धतामार्फत नेपालमा विद्युत् खपत बढाउनु र भारतसँगको अन्तरदेशीय विद्युत् व्यापारमा सहजीकरण गर्नु हुन्।

यस खण्डमा विद्युत् प्रसारण आयोजना अन्तर्गतका चार वटा मुख्य क्रियाकलाप अर्थात् प्रसारण लाइनसम्बन्धी क्रियाकलाप, सबस्टेशनसम्बन्धी क्रियाकलाप, ऊर्जा क्षेत्रका लागि प्राविधिक सहायतासम्बन्धी क्रियाकलाप तथा एमसीए साझेदारी कार्यक्रम (एमपीपी) सम्बन्धी उप-क्रियाकलापबारे चर्चा गरिनेछ।

### २.१.१ प्रसारण लाइनसम्बन्धी क्रियाकलाप

प्रसारण लाइनसम्बन्धी क्रियाकलाप लगभग ३१५ किलोमिटर लामो ४०० केभी डबल सर्किट प्रसारण लाइन र यसका क्वाड मुज र क्वाड सर्किट टावरहरूको डिजाइन, आपूर्ति, निर्माण र जडानमा केन्द्रित हुनेछ। राष्ट्रभित्र विद्युत्को अत्यधिक माग भएका स्थानका लागि तथा निर्यातका लागि विद्युतीय ऊर्जा आपूर्ति गर्न नेपालको विद्यमान उच्च क्षमतायुक्त ग्रीडबीच अभाव भइरहेको महत्वपूर्ण सेतुका रूपमा उक्त प्रसारण लाइनले काम गर्नेछ। विद्युत् प्रसारण खण्डहरूको छनोट प्राविधिक एवं आर्थिक उपयुक्तता, नेपालको विद्युत् आपूर्तिको मध्यकालीन र दीर्घकालीन लक्ष्य हासिल गर्नुका महत्व तथा नेपालको आन्तरिक एवं अन्तरसीमा प्रसारण लाइनसम्बन्धी लगानी योजनासँगको अनुकूलताको गम्भीर विश्लेषण र सम्भाव्यता अध्ययनपछि गरिएको थियो।

प्रसारण लाइन क्रियाकलापसम्बन्धमा भएका प्रगति तल प्रस्तुत गरिएको छ :

#### २.१.१.१ सुपरिवेक्षण इञ्जिनियरको नियुक्ति

एमसिए-नेपालले विद्युत् प्रसारण आयोजना अन्तर्गतका विद्युत् प्रसारण लाइन र सबस्टेशन क्रियाकलापसम्बन्धी निर्माण सुपरिवेक्षण एवं आयोजना व्यवस्थापन कार्यका लागि इञ्जिनियरका रूपमा वाप्कोसलाई २०८० साल असोज १२ गते नियुक्त गरेको छ। वाप्कोसले सिङ्गो प्रसारण लाइन र तीन वटा सबस्टेशनसम्बन्धी सम्पूर्ण निर्माण क्रियाकलापको सुपरिवेक्षण तथा अनुगमनका लागि परामर्श सेवा उपलब्ध गराउनेछ।

#### २.१.१.२ प्रसारण लाइन बोलपत्रसम्बन्धी दस्तावेज परिमार्जन

एमसिए-नेपालले परामर्शदातृ इञ्जिनियर वाप्कोसको सहयोगबाट प्रसारण लाइनको बोलपत्रसम्बन्धी दस्तावेजमा टावरका डिजाइनमा थप स्पष्टता, टावर निर्माण स्थलसम्मको पहुँच मार्ग तथा कटान गरिनुपर्ने रुखको अनुमानित सङ्ख्या लगायतका जानकारी परिमार्जन गरेको छ। प्रसारण लाइन निर्माणका लागि प्राप्त बोलपत्रहरूको मूल्य अनुमानित लागतभन्दा बढी भएका कारण २०७९ साल मंसिर १२ गते प्रकाशित बोलपत्र रद्द गरिएपछि बोलपत्रदाताहरूबाट प्राप्त सुझावहरूलाई सम्बोधन गर्नका लागि पहुँच मार्गसम्बन्धी अध्ययनसहित उक्त बोलपत्रसम्बन्धी दस्तावेज परिमार्जन गर्ने जिम्मेवारी एमसिए-नेपालले सुपरिवेक्षण इञ्जिनियर वाप्कोस लिमिटेडलाई दिएको थियो।

#### २.१.१.३ प्रसारण लाइनको १८ किमि खण्डका लागि छुट्टै बोलपत्र आह्वान

एमसिए-नेपालले प्रसारण लाइनको नयाँ बुटवल सबस्टेशनदेखि नेपाल/भार सीमासम्मको १८ किमि प्रसारण लाइन खण्डका लागि २०८० साल चैत २ गते छुट्टै बोलपत्र आह्वान गरेको थियो। २०८० साल फागुन २३ गते बसेको एमसिए-नेपाल सञ्चालक समितिको बैठकले ३१५ किमि लामो प्रसारण लाइनबाट छुट्याएर बुटवल- गोरखपुर विद्युत् प्रसारण लाइनको नेपालमा पर्ने १८ किमि खण्डलाई प्राथमिकताका साथ अगाडि बढाउने निर्णय गरेको थियो। उक्त सीमापार खण्डलाई तीव्रताका साथ अगाडि बढाउँदा नेपाल र भारतबीच भएको सीमापार ऊर्जा व्यापार सम्झौता अन्तर्गतका दायित्व पूरा गर्न सहयोग पुग्ने ठहर सञ्चालक समितिले गरेको थियो।

#### २.१.१.४ प्रसारण लाइनको परिवर्तित मार्गको सर्वेक्षण

एमसिए-नेपालको परामर्शदता पीजीसीआईएलले प्रस्तावित प्रसारण लाइन मार्गको विभिन्न खण्ड गरी ३० किमिको सर्वेक्षण कार्य सम्पन्न गरेको छ। उक्त सर्वेक्षण अन्तर्गत पैदल सर्वेक्षणका अतिरिक्त सरोकारवालाहरूसँगको बैठक, घरपरिवार सर्वेक्षण, विषय केन्द्रित छलफल तथा मूल्याङ्कन लगायतका कार्यहरू गरिएका थिए। भू-प्राविधिक प्रतिवेदन, जलवायु मूल्याङ्कन प्रतिवेदन एवं वातावरण तथा सामाजिक प्रतिवेदनका साथै अन्तिम सर्वेक्षण प्रतिवेदनलाई पनि अन्तिम रूप प्रदान गरिसकिएको छ।



*प्रसारण लाइन मार्गमा टावरको जग निर्माणका लागि आवश्यक अस्थायी पहुँच मार्गसम्बन्धी इन्जिनियरिङ सर्वेक्षण हुँदै ।*

## २.१.२ सबस्टेशनसम्बन्धी क्रियाकलापहरू

सबस्टेशनसम्बन्धी क्रियाकलापहरूमा ४०० केभी क्षमताका तीनवटा ग्यास इन्सुलेटेड इण्डोर सबस्टेशनहरूको डिजाइन, आपूर्ति, जडान, परीक्षण र सञ्चालन पर्छन् । नुवाकोटको बेलकोटगढी नगरपालिकामा रातमाटे सबस्टेशन, तनहुँको व्यास नगरपालिकामा नयाँ दमौली सबस्टेशन र नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) जिल्लाको सुनवल नगरपालिकामा नयाँ बुटवल सबस्टेशन निर्माण गरिनेछ । यसका अतिरिक्त एमसिए-नेपालले निर्माण गर्ने प्रसारण लाइन नेपाल विद्युत् प्राधिकरणले काठमाडौंको लप्सीफेदी र मकवानपुरको हेटौंडामा निर्माण गर्ने सबस्टेशनमा पनि जोडिनेछ । तीनवटा नयाँ सबस्टेशनको प्राविधिक विवरण तल दिइएको छ :

| सबस्टेशनको नाम | सबस्टेशनसम्बन्धी विवरण |
|---|---|
| रातमाटे | रातमाटे सबस्टेशन ४००/२२० केभीको ग्यास इन्सुलेटेड सबस्टेशन (GIS) र यसमा सात वटा १६७ एमभीए ट्रान्सफर्मर र सम्बन्धित नियन्त्रण तथा संरक्षण प्रणालीहरू हुनेछन् । |
| नयाँ बुटवल | नयाँ बुटवल सबस्टेशन ४०० केभीको ग्यास इन्सुलेटेड सबस्टेशन (GIS) र यसमा तीन वटा ३१५ एमभीए ट्रान्सफर्मर र सम्बन्धित नियन्त्रण तथा संरक्षण प्रणालीहरू हुनेछन् । |
| नयाँ दमौली | नयाँ दमौली सबस्टेशन ४०० केभीको ग्यास इन्सुलेटेड सबस्टेशन (GIS) र यसमा सात वटा १६७ एमभीए ट्रान्सफर्मर र सम्बन्धित नियन्त्रण तथा संरक्षण प्रणालीहरू हुनेछन् । |

सबस्टेशन क्रियाकलापसँग सम्बन्धित प्रगति निम्नानुसार छन् :

### २.१.२.१ दुई वटा सबस्टेशन निर्माणसम्बन्धी खरिद प्रक्रिया सम्पन्न

एमसिए-नेपालले नुवाकोटको रातमाटे र नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) जिल्लामा निर्माण गरिने दुई वटा ४०० केभी ग्यास इन्सुलेटेड स्वीट्चगेयर (जीआईएस) सबस्टेशनको खरिद प्रक्रिया सम्पन्न गरेको छ । दुवै सबस्टेशनको निर्माण सम्झौता अवधि ३९ महिनाभित्र सम्पन्न गरिनेछ ।

## नयाँ बुटवल सबस्टेशन निर्माणसम्बन्धी सम्झौता

एमसिए-नेपालले लुम्बिनी प्रदेशको नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) जिल्लामा ३५३.१० लाख अमेरिकी डलर लागतमा नयाँ बुटवल सबस्टेशन निर्माणका लागि लिङ्सन भारत प्रालिसँग २०८१ साल वैशाख २७ गते सम्झौता गरेको छ।

निर्माण सम्पन्न भएपछि ४०० केभि क्षमताको उक्त ग्यास इन्सुलेटेड स्वीचगेयर (जीआईएस) सबस्टेशनको क्षमता ९४५ एमभीएको हुनेछ र यसले सोही स्थानमा विद्यमान नेपाल विद्युत् प्राधिकरणको २२० केभी सबस्टेशनको पूरकका रूपमा काम गर्नेछ।




*नेपालका लागि अमेरिकी राजदूत महामहिम डिन थम्पसन, नेपाल विद्युत प्राधिकरणका कार्यकारी निर्देशक श्री कुलमान घिसिङ तथा एमसीसीका आवासीय राष्ट्र निर्देशक श्री डायन एल. फ्रान्सिस्कोको समुपस्थितिमा २०८१ साल वैशाख २७ गते आयोजित एक समारोहमा एमसिए-नेपालका कार्यकारी निर्देशक श्री खड्ग बहादुर विष्ट र लिङ्सन भारत प्रालिका बिक्री निर्देशक श्री मयङ्क पाण्डे नयाँ बुटवल सबस्टेशन निर्माणसम्बन्धी सम्झौता आदानप्रदान गर्नुहुँदै।*

## रातमाटे सबस्टेशन निर्माणसम्बन्धी सम्झौता

एमसिए-नेपालले नुवाकोट जिल्लाको रातमाटेमा ५१६ लाख अमेरिकी डलर लागतमा ४०० केभि क्षमताको रातमाटे सबस्टेशन निर्माणका लागि टेक्नो इलेक्ट्रिक एण्ड इञ्जिनियरिङ कम्पनी लिमिटेडसँग २०८१ साल जेठ ३२ गते सम्झौता गरेको छ। यस सबस्टेशनले लप्सीफेदी र नयाँ हेटौँडा सबस्टेशनबीच विद्युत् प्रसारणका लागि महत्वपूर्ण सेतुका रूपमा काम गर्नेछ। निर्माण सम्पन्न भएपछि १००० मेगा भोल्ट एम्पायर (एमभीए) क्षमतायुक्त हुने रातमाटे सबस्टेशन नेपालकै एउटा ठूलो सबस्टेशन बन्नेछ।




*एमसीसीका आवासीय राष्ट्र निर्देशक श्री डायन एल. फ्रान्सिस्कोको समुपस्थितिमा एमसिए-नेपालका कार्यकारी निर्देशक श्री खड्ग बहादुर विष्ट र टेक्नो इलेक्ट्रिक एण्ड इञ्जिनियरिङ कम्पनी लिमिटेडका निर्देशक - वाणिज्य श्री राजीव अग्रवाल २०८१ साल जेठ ३२ गते रातमाटे सबस्टेशन निर्माण सम्झौतामा हस्ताक्षर गर्नुहुँदै।*

### नयाँ बुटवल सबस्टेशन निर्माणसम्बन्धी कार्यारम्भ बैठक

एमसिए-नेपालले नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) जिल्लामा ४०० केभी नयाँ बुटवल सबस्टेशन निर्माण कार्य शुरु गर्न लिङ्कसन इण्डिया प्रालिसँग २०८१ साल असार १० र ११ गते कार्यारम्भ बैठक आयोजना गर्‍यो ।

उक्त कार्यारम्भ बैठकमा निर्माण कार्यसम्बन्धी प्राविधिक विवरण, समयतालिका, एमसिए-नेपालका कार्यविधिहरू तथा मार्गनिर्देशिकाहरूबारे छलफल गरिएको थियो ।



*एमसिए-नेपालका उप-कार्यकारी निर्देशक - आयोजना कार्यान्वयन श्री महेश आचार्य नयाँ बुटवल सबस्टेशन निर्माण शुरु गर्न लिङ्कसन इण्डिया प्रा.लि.सँग आयोजना गरिएको कार्यारम्भ बैठकलाई २०८१ साल असार १० गते सम्बोधन गर्नुहुँदै ।*

### २.१.२.२ रातमाटेमा जीविकोपार्जन पुन:स्थापना कार्यक्रम सम्पन्न

एमसिए-नेपालले नुवाकोट जिल्लामा रातमाटे सबस्टेशन निर्माणका लागि जग्गा प्राप्ति गर्दा प्रभावित व्यक्तिहरूका लागि सञ्चालन गरेको दुई बर्से रातमाटे जीविकोपार्जन पुन:स्थापना कार्यक्रम सम्पन्न भएको छ । उक्त कार्यक्रम २६९ जना आयोजना प्रभावित व्यक्तिहरूलाई कृषि विकास तथा पशुपालनसम्बन्धी क्रियाकलापहरू सहित विभिन्न व्यावसायिक तथा सीपमूलक तालिमहरू प्रदान गरिएको थियो

### २.१.२.३ रातमाटे सबस्टेशन निर्माण स्थलमा तारबार लगाउने कार्य सम्पन्न

एमसिए-नेपालले नुवाकोटको बेलकोटगढी नगरपालिका-७ मा रातमाटे सबस्टेशन निर्माणका लागि प्राप्ति गरेको करिब २०.२७ हेक्टर जग्गा वरिपरि तारबार लगाउने कार्य सम्पन्न भएको छ । निर्माण कार्यको तयारीका क्रममा प्राप्ति गरिएको जग्गाको सुरक्षार्थ उक्त दुई हजार एक सय मिटर लामो तारबार लगाइएको हो



*नुवाकोटको बेलकोटगढीमा रातमाटे सबस्टेशन निर्माणका लागि प्राप्ति गरेको करिब २०.२७ हेक्टर जग्गा वरिपरि लगाइएको तारबार ।*

## २.१.३ ऊर्जा क्षेत्र प्राविधिक सहायता क्रियाकलाप

ऊर्जा क्षेत्र प्राविधिक सहायतासम्बन्धी क्रियाकलापले विद्युत् नियमन आयोग र नेपाल विद्युत् प्राधिकरण लगायतका नेपालका ऊर्जा क्षेत्रका संस्थाहरूको सुदृढीकरणका लागि मद्दत गर्नेछ ।

विद्युत् नियमन आयोगलाई प्रदान गरिने प्राविधिक सहायता उक्त संस्थालाई विद्युत् क्षेत्रको नियमनका लागि स्वतन्त्र निकायका रूपमा काम गर्न सक्षम बनाउन तथा नेपालको ऊर्जा क्षेत्रलाई पारदर्शी, प्रभावकारी र प्रतिस्पर्धी बनाउनका लागि सक्षम पार्नमा केन्द्रित हुनेछ । उक्त सहायता रकम नियम तर्जुमा र नियमनसम्बन्धी विभिन्न क्षेत्र (आर्थिक, प्राविधिक, नीतिगत तथा कानुनी) का विवाद निरूपणका लागि उक्त आयोगको क्षमता अभिवृद्धि गर्न आयोगमै विज्ञ जनशक्ति उपलब्ध गराउने काममा परिचालन गरिनेछ ।

नेपाल विद्युत् प्राधिकरणलाई उपलब्ध गराइने प्राविधिक सहायता विद्युतीय आपूर्ति तथा मागमा भएको वृद्धिलाई धान्न प्रसारण क्षमताका लागि आवश्यक लगानीको परिमाणमा वृद्धि गर्ने नियमन लागत पुन:प्राप्ति, परिष्कृत ग्रीड कार्यसञ्चालन तथा उत्कृष्ट प्रणाली योजना तर्जुमाका क्षेत्रमा उक्त संस्थाको प्रसारणसम्बन्धी क्रियाकलापमा सुधार गरी सहयोग गर्नमा केन्द्रित हुनेछ । यसले परिष्कृत सम्पत्ति

व्यवस्थापन तथा सञ्जाल सञ्चालन प्रक्रियाका माध्यमबाट लोडसेडिङ्ग तथा ऊर्जाको गुणस्तरसम्बन्धी समस्यालाई न्यूनीकरण गर्दै प्रसारण सञ्जालको भरपर्दोपनामा वृद्धि गर्नेछ। अन्ततोगत्वा यसले ऊर्जा क्षेत्रको वित्तीय सम्भाव्यतामा सुधार गर्न नेपाल विद्युत् प्राधिकरणलाई सहयोग गर्नेछ।

ऊर्जा क्षेत्र प्राविधिक सहायता क्रियाकलापसँग सम्बन्धित प्रगति निम्नानुसार छन् :

### २.१.३.१ विद्युत् नियमन आयोगलाई प्राविधिक सहयोग

- आयोजना सहयोग सम्झौतामा व्यवस्था गरिए अनुसार पूर्णकालीन सल्लाहकार नियुक्त गर्ने र सम्बन्धित कार्यसञ्चालन संयन्त्रसहित विद्युत् नियमन आयोगलाई प्राविधिक सहयोगसम्बन्धी आगामी क्रियाकलापहरूबारे छलफल गर्न एमसिए-नेपाल र विद्युत् नियमन आयोगको सहभागितामा काठमाडौंस्थित विद्युत् नियमन आयोगको कार्यालयमा २०८० साल साउन २४ गते आयोजना सञ्चालक समितिको पहिलो बैठक आयोजना गरियो।

- एमसिए-नेपालले विद्युत् नियमन आयोग र नेपाल विद्युत् प्राधिकरणका लागि ऊर्जा क्षेत्र प्राविधिक सहयोग अन्तर्गत अगाडि बढाउन लागिएको खरिद प्रक्रियासम्बन्धी जानकारी आदानप्रदान गर्नका लागि काठमाडौंमा २०८० साउन १६ गते र भारतको नयाँदिल्लीमा २०८० साउन २३ गते एक दिने छलफल कार्यक्रम आयोजना गऱ्यो। कार्यक्रममा उक्त खरिदका उद्देश्य र समयरेखाका साथै खरिद गरिने सेवा, यसका लागि अपनाइने एमसिए-नेपालको प्रक्रिया, सिद्धान्त र मार्गनिर्देशिकाबारे विस्तृत जानकारी उपलब्ध गराइएको थियो।



*ऊर्जा क्षेत्र प्राविधिक सहयोग क्रियाकलापसम्बन्धी खरिदबारे काठमाडौंमा २०८० साउन १६ गते आयोजित छलफल कार्यक्रम।*



*ऊर्जा क्षेत्र प्राविधिक सहयोग क्रियाकलापसम्बन्धी खरिदबारे नयाँदिल्लीमा २०८० साउन २३ गते आयोजित छलफल कार्यक्रम।*

- एमसिए-नेपालले विद्युत् नियमन आयोगलाई पूर्णकालीन सल्लाहकारका रूपमा परामर्श सेवा उपलब्ध गराउन डेलोइट टचे तोहमाचु इण्डिया एलएलपीसँग १२ लाख अमेरिकी डलरको सम्झौता २०८१ साल असार ३१ गते गरेको छ। उक्त सम्झौताको कार्यावधि ४८ महिना रहेको छ। परामर्शदातृ संस्थाले विद्युत् नियमन आयोगका आर्थिक, प्राविधिक, कानुनी तथा नीतिगत/संस्थागत नियमन कार्यहरूका लागि परामर्श सहयोग प्रदान गर्नेछ। यी सहयोग अन्तर्गत रणनीतिगत मार्गनिर्देशन, आधारभूत नियमनकारी समीक्षाहरू, विभिन्न अध्ययनका सिंहावलोकन, मुख्य कार्यसञ्चालनसम्बन्धी अभ्यास र प्रक्रिया निर्माण तथा आयोगका कर्मचारीहरूको क्षमता अभिवृद्धि लगायतका क्रियाकलापहरू सञ्चालन गरिनेछ।



*एमसिए-नेपालका कार्यकारी निर्देशक श्री खड्ग बहादुर विष्ट विद्युत् नियमन आयोगलाई पूर्णकालीन सल्लाहकारका रूपमा परामर्श सेवा उपलब्ध गराउन हस्ताक्षर गरिएको सम्झौतापत्र डेलोइट टचे तोहमाचु इण्डिया एलएलपीसँग २०८१ साल असार ३१ गते आदानप्रदान गर्नुहुँदै।*

### २.१.३.२ नेपाल विद्युत् प्राधिकरणलाई प्राविधिक सहयोग

- आयोजना सहयोग सम्झौतामा व्यवस्था गरिए अनुसार नेपाल विद्युत् प्राधिकरणलाई प्रदान गरिने प्राविधिक सहयोगसम्बन्धी कार्यक्षेत्रलाई अन्तिम रूप प्रदान गर्न र प्रसारण लाइन एवं प्राविधिक सहयोगसम्बन्धी कार्य प्रगतिको अद्यावधिक जानकारी उपलब्ध गराउन एमसिए-नेपाल र नेपाल विद्युत् प्राधिकरणको सहभागितामा २०८० साल साउन ७ गते आयोजना सञ्चालक समितिको पहिलो बैठक गरियो।
- नेपाल विद्युत् प्राधिकरणलाई प्रदान गरिने प्राविधिक सहयोग नेपाल विद्युत् प्राधिकरणको प्राथमिकताका आधारमा तय गरिएको थियो। यस अन्तर्गतका क्रियाकलाप सम्पत्ति मर्मत तथा सञ्चालन, प्रणाली तथा बजारसम्बन्धी कार्यसञ्चालन, सञ्जाल विकास प्रभावकारिता तथा प्रणालीसम्बन्धी योजना तर्जुमामा केन्द्रित रहनेछ।

## २.१.४ एमसिए साझेदारी कार्यक्रम (एमपीपी) उप-क्रियाकलाप

एमसिए साझेदारी कार्यक्रम (एमपीपी) विद्युत् प्रसारण आयोजना अन्तर्गत लाभ आदानप्रदानका लागि सिर्जना गरिएको एक महत्वपूर्ण उप-क्रियाकलाप हो। विद्युत् प्रसारण आयोजनाबाट प्रभावित वडाहरूमा रहेका वृहद् समुदायहरूप्रति लक्षित यस कार्यक्रमले ती क्षेत्रका स्थानीय समुदायसँग सम्बन्ध स्थापना गर्न आयोजनालाई सहयोग गर्दछ। यस कार्यक्रमको उद्देश्य स्थानीय समुदाय र आयोजनाबीच विश्वास अभिवृद्धि गरी आयोजना कार्यान्वयनमा हुनसक्ने ढिलाइको जोखिम न्यूनीकरण गर्नु हो। एमसिए-नेपालले तयार गरेको एमसिए साझेदारी कार्यक्रम संरचनामा प्रस्ताव गरिएका तीनवटा मुख्य विषयगत क्षेत्रमा हासिल उपलब्धि निम्नानुसार छन् :

### २.१.४.१ विषगत क्षेत्र १ : विद्युत् वितरण प्रणाली सुधार र विस्तार

विषयगत क्षेत्र १ विद्युत् सेवाको लाभ अभिवृद्धि गर्न विद्युत्मा पहुँच विस्तार गर्नुका साथै विद्युत् वितरण प्रणालीको भरपर्दोपना सुधार गर्नमा केन्द्रित छ। यो विषयगत क्षेत्र अन्तर्गत ग्रिडको विस्तार, बिजुलीका खम्बा प्रतिस्थापन, विद्युत् वितरण ट्रान्सफर्मर प्रतिस्थापन तथा कण्डक्टर एवं अन्य उपकरण प्रतिस्थापन गरी चारवटा क्रियाकलाप छन्।

निर्माण कार्यका लागि बोलपत्र आह्वान गर्न आवश्यक दस्तावेजको तयारी अन्तिम चरणमा पुगेको छ। एमसिए-नेपालले विषयगत क्षेत्र १ का लागि सुपरिवेक्षण इञ्जिनियरको सेवा खरिद गर्न प्रस्तावका लागि अनुरोध पत्र २०८१ साल असार २८ गते प्रकाशित गरिसकेको छ।

### २.१.४.२ विषयगत क्षेत्र २ : खानेपानी आपूर्ति योजनाका लागि ग्रिड/अफ-ग्रिड समाधान

यो विषयगत क्षेत्रले विद्युत् प्रसारण आयोजनाबाट प्रभावित खानेपानीको अभाव भएका वडाहरूमा उनीहरूकै प्राथमिकताका आधारमा खानेपानी आपूर्ति योजनाका लागि अफ-ग्रिड र ग्रिड समाधान उपलब्ध गराउनेछ।

एमसिए-नेपाल सम्बन्धित चुनौतिहरूबारे जानकारी हासिल गर्न हाल सञ्चालनमा रहेका पानी आपूर्ति कार्यक्रमहरूको निरीक्षण भ्रमणमा गएको थियो। उक्त भ्रमणका आधारमा एमसिए-नेपालले यस विषयगत क्षेत्रको कार्यान्वयनका लागि विभिन्न सम्भावनाहरूको अध्ययन गरिरहेको छ।

### २.१.४.३ विषयगत क्षेत्र ३ : परिस्कृत विद्युत् उपयोगका लागि क्षमता अभिवृद्धि

विद्युत् प्रसारण आयोजना प्रभावित स्थानीय तहहरूमा पालिकास्तरीय ऊर्जा योजना तर्जुमामा सहयोग गर्ने र विद्युत्‌को उत्पादनशील उपयोगका लागि क्षमता अभिवृद्धि गर्ने दुई वटा मुख्य कार्यमा केन्द्रित भई संस्थागत र व्यक्तिगत क्षमता निर्माण वा अभिवृद्धि गर्ने उद्देश्यसहित तयार गरिएका दुईवटा उप-क्रियाकलाप यो विषयगत क्षेत्रभित्र समेटिएको छ।

एमसिए-नेपालले यस विषयगत क्षेत्र कार्यान्वयनका लागि २०८० साल पुस ७ गते प्रस्ताव आह्वान गरेको थियो भने हाल सम्झौता गर्नका लागि खरिद प्रक्रिया सम्पन्न गरिसकेको छ।

## २.२ सडक मर्मत आयोजना

सडक मर्मत आयोजनाको उद्देश्य नेपालका रणनैतिक सडक सञ्जालको मर्मतका सन्दर्भमा विद्यमान अभ्यासहरूमा सुधार गर्नु हो भने यसले सडक विभाग र सडक बोर्ड नेपाललाई प्राविधिक सहायता उपलब्ध गराउँछ। सडक मर्मत कार्य अन्तर्गत नवीन प्रविधि प्रयोग गर्दै पेभमेण्ट सुधार विधि र सडक सुरक्षा अभिवृद्धिसम्बन्धी पहल गरिनेछ।

यस खण्डमा सडक मर्मत आयोजना अन्तर्गतका दुई मुख्य क्रियाकलापहरू प्राविधिक सहायता र रणनैतिक सडक मर्मत क्रियाकलापबारे चर्चा गरिनेछ।

### २.२.१ प्राविधिक सहायता क्रियाकलाप

प्राविधिक सहायता क्रियाकलाप अन्तर्गत सडक विभाग र सडक बोर्ड नेपाललाई सडक मर्मत योजना तर्जुमा, मूल्याङ्कन तथा नियमित र आवधिक रूपमा मर्मत कार्य गर्ने क्षमताको सदृढीकरणका लागि प्राविधिक सहायता उपलब्ध गराइनेछ। प्रशिक्षण तथा क्षमता अभिवृद्धि क्रियाकलाप, सुदृढ तथ्याङ्क सङ्कलन तथा विधि, आर्थिक औचित्यतामा आधारित उपयुक्त सडक मर्मत योजनाको तयारी, आवधिक मर्मतका सन्दर्भमा परिष्कृत प्राथमिकता, सुदृढ करार प्रक्रिया र करार व्यवस्थापनका साथै सुदृढ सडक सुरक्षा स्वरूप तथा सुदृढ आयोजना व्यवस्थापन जस्ता क्षेत्रमा केन्द्रित हुनेछ। यसका अतिरिक्त यो क्रियाकलाप अन्तर्गत आधुनिक सडक मर्मतका विधिहरू, प्रविधिहरू तथा कार्यसञ्चालन प्रक्रियाहरू पनि उपलब्ध गराइनेछ।

प्राविधिक सहायता क्रियाकलाप अन्तर्गतका प्रगति निम्नानुसार छन् :

- एमसिए-नेपालले २०८० साल कात्तिक १४ गतेदेखि १७ गतेसम्म सडक विभागमा फूल डेप्थ रिक्लेमेशन (एफडीआर) फटिग कर्भ तयार गर्नका लागि अभिमूखीकरण कार्यक्रम सञ्चालन गरेको थियो। उक्त प्रशिक्षण एफडीआर तथा सुपेरियर पर्फमिङ आस्फाल्ट पेभमेण्ट (सुपरपेभ) जस्ता नयाँ पेभमेण्ट सुधार प्रविधि प्रयोग गरिने रणनैतिक सडक मर्मत क्रियाकलापको एक महत्वपूर्ण अंश हो।



*फटिग कर्भ तयारीसम्बन्धी एक अभिमूखीकरण कार्यक्रममा प्रयोगशाला प्राविधिज्ञहरू।*

- एमसिए-नेपालले इण्टरनेशनल रफनेस इण्डेक्स क्लास २ उपकरण जडान तथा तथ्याङ्क सङ्कलन तालिमको आयोजना २०८० साल पुस ३ गतेदेखि ६ गतेसम्म गरेको छ । सडक विभाग तथा इञ्जिनियरिङ्ग अध्ययन संस्थानका इञ्जिनियरहरूको सहभागिता रहेको उक्त तालिममा सफ्टवेयरको प्रयोग तथा स्थलगत तथ्याङ्क सङ्कलनसम्बन्धी सैद्धान्तिक कक्षाहरू सञ्चालन गरिएको थियो । इण्टरनेशनल रफनेस इण्डेक्स तथ्याङ्क सङ्कलनका लागि कोटेश्वरदेखि सूर्यविनायकसम्म र पेप्सीकोलादेखि सानो ठिमीसम्मको सडक खण्ड छनोट गरिएको थियो ।



*इण्टरनेशनल रफनेस इण्डेक्स क्लास २ उपकरण जडान तथा तथ्याङ्क सङ्कलन तालिमका स्रोत व्यक्तिहरू तथा प्रशिक्षार्थीहरू ।*

## २.२.२ रणनैतिक सडक मर्मत क्रियाकलाप

रणनैतिक सडक मर्मत क्रियाकलाप प्राविधिक सहायता क्रियाकलापमा आधारित भई त्यसको पूरकका रूपमा कार्यान्वयन गरिनेछ । यस अन्तर्गत निम्नलिखित क्रियाकलापहरू पर्छन् :

### २.२.२.१ पेभमेण्ट रिसाइक्लिङ

रणनैतिक सडक मर्मत क्रियाकलाप अन्तर्गत फूल डेप्थ रिक्लेमेशन (FDR) र सुपेरियर पर्फमिङ आस्फाल्ट पेभमेण्ट (Superpave) नामक पेभमेण्ट सुधारसम्बन्धी नयाँ प्रविधि अपनाइनेछ । यस उप-क्रियाकलापले सवारी साधनको चाप भएका, काम गर्न असजिलो र काम गर्न बढी समय लाग्ने साँघुरा सडकमा मर्मत कार्य अगाडि बढाउँदा सामना गर्नुपर्ने समस्यालाई सम्बोधन गर्नेछ । यस क्रियाकलापका लागि पूर्व-पश्चिम राजमार्गमा पर्ने धान खोलादेखि लमही सडकसम्मको ४० किमि लामो सडक खण्ड छानिएको छ र यससम्बन्धी डिजाइन कार्यहरू सम्पन्न भइसकेका छन् ।

#### सरोकारवालाहरूसँग अन्तरक्रिया

एमसिए-नेपालले २०८० साल मङ्सिर १५ गते लुम्बिनी प्रदेशका मुख्यमन्त्रीको कार्यालयमा सरोकारवालाहरूसँग अन्तरक्रिया कार्यक्रम आयोजना गरेको थियो । धानखोलादेखि लमहीसम्मको ४० किमि लामो सडक खण्डमा फूल डेप्थ रिक्लेमेशन (एफडीआर) प्रविधि प्रयोगका लागि तयार गरिने डिजाइनबारे सम्बन्धित सरोकारवालाहरूबीच आम समझदारी जुटाउने, आयोजनासम्बन्धी प्राविधिक विवरण र यसबाट पुग्ने लाभसम्बन्धी जानकारी प्रस्तुत गर्ने उद्देश्यले उक्त कार्यक्रम आयोजना गरिएको थियो । उक्त कार्यक्रमका क्रममा आयोजना कार्यान्वयनका लागि जिल्ला स्तरीय तथा स्थानीय निकायहरूबीच सहमतिको वातावरण सिर्जना गरिएको थियो भने आयोजनासम्बन्धमा सुझावहरू पनि सङ्कलन गरिएको थियो । उक्त कार्यक्रममा लुम्बिनी प्रदेशका तात्कालीन गृहमन्त्री सन्तोष पाण्डे, अर्थ मन्त्रालय तथा सडक विभागका प्रतिनिधिहरू, एमसीसीका अधिकारीहरू तथा आयोजना कार्यान्वयन क्षेत्रमा पर्ने प्रादेशिक एवं स्थानीय निकायका प्रतिनिधिहरूका साथै अन्य प्रतिनिधिहरूको सहभागिता रहेको थियो ।



*एमसिए-नेपालका परामर्शदातृ संस्था स्वेको एएस डानमार्कका प्रतिनिधि श्री रोहित आचार्य २०८० साल मंसिर १५ गते आयोजित परामर्श कार्यक्रममा प्राविधिक विवरण प्रस्तुत गर्नुहुँदै ।*

### बोलपत्र सम्बन्धी जानकारी आदानप्रदान कार्यक्रम

सडक मर्मत आयोजनासम्बन्धी आगामी खरिदबारे सम्भाव्य बोलपत्रदाताहरूलाई जानकारी प्रदान गर्न काठमाडौंमा २०८० साल चैत १४ गते र २०८१ साल वैशाख ३ गते भारतको नयाँ दिल्लीमा छलफल कार्यक्रम आयोजना गरिएको छ। छलफल कार्यक्रममा एमसिए-नेपालले गर्ने खरिदका उद्देश्यहरू, समयसीमा, खरिद प्रक्रियाहरू, सिद्धान्त र मार्गनिर्देशनबारे सम्भाव्य बोलपत्रदाताहरूलाई जानकारी गराइएको थियो




*एमसिए-नेपालका कार्यकारी निर्देशक श्री खड्ग बहादुर विष्ट सडक मर्मत आयोजनासम्बन्धी खरिदबारे काठमाडौंमा २०८० साल चैत १४ गते आयोजित छलफल कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै।*



*सडक मर्मत आयोजनासम्बन्धी खरिदबारे भारतको नयाँ दिल्लीमा २०८१ साल वैशाख ३ गते आयोजित छलफल कार्यक्रममा सहभागीहरू।*


### इञ्जिनियरिङ डिजाइन प्रतिवेदन र बोलपत्रसम्बन्धी दस्तावेज

पूर्व-पश्चिम राजमार्गको धानखोलादेखि लमहीसम्मको ४० किमि लामो सडक खण्डको मर्मत कार्यका लागि बोलपत्र आह्वान गर्नका लागि इञ्जिनियरिङ डिजाइन प्रतिवेदन र बोलपत्रसम्बन्धी दस्तावेजहरूलाई अन्तिम रूप प्रदान गरिएको छ।

### २.२.२.२ आवधिक मर्मत

एमसिए-नेपालले आवधिक मर्मत कार्यका लागि नारायणघाटदेखि मुग्लिङसम्मको सडक खण्ड पहिचान गरेको छ।

## २.३ आयोजनाको कार्यक्षेत्र



खण्ड ३

# वातावरण र सामाजिक कार्यसम्पादन

एमसिए-नेपालले नेपाल सरकारका सम्बन्धित सामाजिक सुरक्षा नीति एवं नियमावली तथा एमसीसी वातावरणीय निर्देशिका अनुसार विद्युत् प्रसारण आयोजना र सडक मर्मत आयोजनासम्बन्धी क्रियाकलाप कार्यान्वयन गरिएको सुनिश्चित गर्नका लागि एक महत्वपूर्ण पक्षका रूपमा वातावरण र सामाजिक कार्यसम्पादनलाई पहिचान गरेको छ। वातावरणीय तथा सामाजिक मुद्दाहरू/प्रभावहरूको पहिचान, विश्लेषण र न्यूनीकरण गरी, वातावरणीय र सामाजिक प्रावधानसम्बन्धी नियमनकारी आवश्यकताहरू पालना गरी तथा आयोजनाका लागि सुझाव प्राप्त गर्न र समर्थन जुटाउन सरोकारवालाहरूसँग सहकार्य गरी यो कार्य गरिनेछ।

एमसीसीको वातावरणीय निर्देशिका अनुसार विद्युत् प्रसारण आयोजनालाई 'क' वर्गमा राखिएको छ। एमसीसी वातावरणीय निर्देशिकामा सन्दर्भ सामग्रीका रूपमा समावेश गरिएका अन्तरराष्ट्रिय वित्तीय निगम (आईएफसी) का आठ वटा कार्यसम्पादन मापदण्डमध्ये सात वटालाई प्रारम्भिक मूल्याङ्कनका आधारमा एमसिए-नेपालका आयोजनाहरूमा पालना गरिनेछ। रुख काट्नुपर्ने, जग्गा प्राप्ति गर्नुपर्ने र पुनर्स्थापना गरिनुपर्ने जस्ता केही छल्नै नसकिने वातावरणीय र सामाजिक प्रभाव विद्युत् प्रसारण आयोजनाबाट पर्छन्। तथापि, आयोजना क्षेत्रका संवेदनशील वातावरणीय तथा सामाजिक पक्षहरूमा सम्भावित प्रभाव पर्न नदिन वा सकेसम्म कम प्रभाव पर्न दिन उचित क्षतिपूर्ति, न्यूनीकरण वा व्यवस्थापनका उपाय अपनाएर यी सबै जोखिमलाई उपयुक्त रूपमा सम्बोधन गरिनेछ।

सडक मर्मत आयोजनालाई एमसीसीको वातावरणीय निर्देशिका अनुसार 'ख' वर्गमा वर्गीकरण गरिएको छ। प्रस्तावित क्रियाकलापबाट सामान्यतया आयोजना क्षेत्रमा मात्रै पर्ने, उल्लेख्य रूपमा समाधान गर्न सकिने तथा न्यूनीकरणका उपायबाट तत्काल सम्बोधन गर्न सकिने सीमित र थोरै नकारात्मक वातावरणीय वा सामाजिक जोखिम वा प्रभाव सिर्जना हुने सम्भावना छ। निर्माण क्रियाकलापका कारण सिर्जना हुनसक्ने अस्थायी रूपमा सडक अवरोध, खाल्डो खनाइ र पुराइ, हल्ला, धूलो र कामदार तथा समुदायका मानिसको स्वास्थ्य र सुरक्षा जस्ता केही वातावरणीय र सामाजिक प्रभावलाई वातावरणीय र सामाजिक प्रभाव मूल्याङ्कनका निष्कर्षहरूमा आधारित लक्षित वातावरणीय तथा सामाजिक व्यवस्थापन योजनामार्फत व्यवस्थापन गरिनेछ।

एमसिए-नेपाल उच्च गुणस्तरको वातावरणीय तथा सामाजिक मापदण्डहरूप्रति प्रतिवद्ध छ र आयोजनाको थालनीदेखि नै प्रभावित समुदायहरूसँग निकटतापूर्वक काम गर्दै आएको छ। एमसिए-नेपालको पुनर्वास कार्ययोजनाहरू अन्तरराष्ट्रिय मापदण्डमा आधारित छन् र यिनीहरूले आयोजनाबाट भौतिक र/वा आर्थिक रूपमा विस्थापित व्यक्तिहरूका लागि पूर्ववत वा सुधारिएको जीविकोपार्जनका माध्यम सुनिश्चित गर्ने उद्देश्य लिएका छन्।

## ३.१ वातावरण, स्वास्थ्य तथा सुरक्षा

वातावरण, स्वास्थ्य तथा सुरक्षा क्रियाकलापसँग सम्बन्धित प्रगति निम्नानुसार छन् :

### ३.१.१ विद्युत् प्रसारण आयोजनाका लागि थप वातावरणीय तथा सामाजिक प्रभाव मूल्याङ्कन

#### ३.१.१.१ ३० किमि सर्वेक्षण कार्य

विद्युत् प्रसारण लाइनको लाइडार मार्गबाट विचलन भएका विभिन्न स्थानका ३० किमि प्रसारण लाइन मार्गलाई एमसिए-नेपालले पुनःनिर्धारण गरेको छ र सोही अनुसार डेस्क अध्ययन र स्थलगत अध्ययनका आधारमा ती मार्गका सन्दर्भमा वातावरणीय प्रभाव मूल्याङ्कनलाई अद्यावधिक गरिएको छ। किल्ला गाड्ने क्रममा तथा वातावरणीय प्रभाव मूल्याङ्कनसम्बन्धी सार्वजनिक सुनुवाइका क्रममा प्राप्त पृष्ठपोषणको सम्बोधनस्वरूप यो कार्य गरिएको हो। थप पुरक वातावरणीय प्रभाव मूल्याङ्कन र पुरक वातावरणीय तथा सामाजिक प्रभाव मूल्याङ्कन आवश्यकता नपर्ने गरी एमसिए-नेपालले उक्त ३० किमि खण्डमा वातावरणीय तथा सामाजिक प्रभाव मूल्याङ्कन एवं जलवायु मूल्याङ्कन पनि गरेको थियो।

#### ३.१.१.२ अस्थायी पहुँच मार्ग

एमसिए-नेपालले निर्माण गरिने प्रसारण लाइनका टावरसम्म पुग्नका लागि प्रस्तावित अस्थायी पहुँच मार्ग र टावर डिजाइनमा परिवर्तनको को वातावरणीय तथा सामाजिक प्रभाव मूल्याङ्कन गरेको छ। यो पुरक वातावरणीय तथा सामाजिक प्रभाव मूल्याङ्कनले अस्थायी पहुँच मार्गको वातावरणीय तथा सामाजिक प्रभाव न्यूनीकरण पहल तयार गर्नेछ

### ३.१.२ सडक मर्मत आयोजनाको प्रारम्भिक वातावरणीय परीक्षण

एमसिए-नेपालले वातावरण संरक्षण ऐन, २०७७, वातावरण संरक्षण नियमावली, २०७७, एमसीसी वातावरणीय निर्देशिका तथा

अन्तरराष्ट्रिय वित्त निगमको कार्यसम्पादन मापदण्ड अनुसार सडक मर्मत आयोजना अन्तर्गत पूर्व - पश्चिम राजमार्गको दाङ जिल्लामा पर्ने धानखोलादेखि लमहीसम्मको ४० किमि सडक खण्डको स्तरोन्नतिका लागि प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयार गरेको छ। उक्त प्रतिवेदन भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयमा २०८१ साल जेठ २० गते प्रस्तुत गरिएको थियो।




पूर्व - पश्चिम राजमार्गको धानखोलादेखि लमहीसम्मको ४० किमि सडक खण्डको मर्मतका लागि तयार गरिएको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनसम्बन्धमा आयोजित छलफल कार्यक्रम।

## ३.१.३ रुख कटानसम्बन्धी क्रियाकलाप

### ३.१.३.१ रुख गणना तथा स्थलगत प्रमाणीकरण

एमसिए-नेपालले विद्युत् प्रसारण आयोजना सञ्चालन गरिने जिल्लाहरूमा डिभिजन वन अधिकृतहरूको नेतृत्वमा वन कटानसम्बन्धी प्रक्रिया थालनी गरेको छ। रुख गणना तथा स्थलगत प्रमाणीकरण प्रक्रिया अगाडि बढाउनका लागि सम्बन्धित प्रदेशका वन मन्त्रालयहरू र वन महानिर्देशनालयहरूसँग पनि परामर्श गरिएको थियो।



नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) जिल्लामा रुख गणना गरिँदै।

डिभिजन वन अधिकृतहरूको नेतृत्वमा रहेका रुख गणना टोलीलाई अभिमूखीकरण गरिएपछि एमसिए-नेपालले वातावरणीय प्रभाव मूल्याङ्कन अनुमान गरिएको वन क्षेत्र र रुखको सङ्ख्या प्रमाणीकरण गर्न आफ्नो टोलीलाई विद्युत् प्रसारण आयोजना सञ्चालन गरिने क्षेत्रमा रुख गणनाका लागि पठाएको थियो। उक्त गणना कार्य धादिङ जिल्लाबाट शुरु गरिएको थियो र विद्युत् प्रसारण आयोजना सञ्चालन गरिने जिल्लाहरूमा रुख गणना गर्न तथा प्रमाणीकरण गर्नका लागि वन क्षेत्रको सीमाङ्कन गर्न स्थायी किलो गाडिएको थियो। दश वटा प्रभावित जिल्लामध्ये नौ वटा जिल्लामा रुख गणना कार्य २०८१ सालको जेठमा सम्पन्न भएको छ।

### ३.१.३.२ सामुदायिक वन उपभोक्ता समूहहरुसँगको दोस्रो चरणको परामर्श कार्यक्रम

एमसिए-नेपालले रुख गणनाबाट प्राप्त परिणामहरूबारे जानकारी प्रदान गर्न तथा सामुदायिक र कबुलियती वन उपभोक्ता समूहहरूका लागि सञ्चालन गर्न सकिने सहयोग क्रियाकलापहरूबारे छलफल गर्न विद्युत् प्रसारण आयोजनाबाट प्रभावित हुने विभिन्न जिल्लाका सामुदायिक र कबुलियती वन उपभोक्ता समूहसँगको दोस्रो चरणको परामर्श कार्यक्रम सञ्चालन गरेको छ। उक्त परामर्श कार्यक्रम नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) जिल्लामा २०८१ साल असार २ - ८ गते, मकवानपुर जिल्लामा जेठ २७ - असार ३ गते, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) जिल्लामा जेठ २३ गते र चितवन जिल्लामा जेठ २८ - ३२ गते र धादिङ जिल्लामा २०८१ साल जेठ २२ - असार ६ गते सञ्चालन गरिएको थियो।

कार्यस्थलमा पहुँचका लागि भूमि प्रयोग अनुमतिपत्र प्राप्त गर्ने प्रक्रिया अगाडि बढाउनका लागि आयोजना प्रभवित वन उपभोक्ता समूहहरूबाट रुख गणना र स्थलगत प्रमाणीकरण प्रतिवेदनको समर्थनमा सहमति पत्र सङ्कलन पनि गरिएको थियो।



*विद्युत् प्रसारण आयोजनाबाट प्रभावित नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) जिल्लाका सामुदायिक र कबुलियती वन उपभोक्ता समूहसँग सञ्चालित दोस्रो चरणको परामर्श कार्यक्रम ।*



*विद्युत् प्रसारण आयोजनाबाट प्रभावित मकवानपुर जिल्लाका सामुदायिक र कबुलियती वन उपभोक्ता समूहसँग सञ्चालित दोस्रो चरणको परामर्श कार्यक्रम ।*



*विद्युत् प्रसारण आयोजनाबाट प्रभावित धादिङ जिल्लाका सामुदायिक र कबुलियती वन उपभोक्ता समूहसँग सञ्चालित दोस्रो चरणकोपरामर्श कार्यक्रम ।*



*विद्युत् प्रसारण आयोजनाबाट प्रभावित चितवन जिल्लाका सामुदायिक र कबुलियती वन उपभोक्ता समूहसँग सञ्चालित दोस्रो चरणको परामर्श कार्यक्रम ।*

#### ३.१.३.३ सामुदायिक वनको कार्ययोजना तर्जुमाको तयारी

एमसिए-नेपालले सम्बन्धित डिभिजन वन कार्यालयहरू तथा विद्युत् प्रसारण आयोजनाबाट प्रभावित जिल्लाहरूसँगको परामर्शमा सामुदायिक वनको कार्ययोजना तर्जुमाको तयारी थालेको छ। सबैगरी ८१ वटा सामुदायिक वनले आफ्नो कार्ययोजना तयार गरी अनुमोदन गर्नुपर्दछ। सामुदायिक वनको कार्ययोजना तर्जुमाको तयारी कार्य थाल्नका लागि कार्ययोजनासहितको एक पत्र तयार गर्नुका साथै अनुमोदन गरी डिभिजन वन कार्यालयहरूलाई २०८१ साल जेठमा उपलब्ध गराइएको थियो।

### ३.१.४ वातावरणीय तथा सामाजिक व्यवस्थापन प्रणाली

एमसिए-नेपालले कम्प्याक्टको आवश्यकता अनुसार यस अन्तर्गतका दुवै आयोजनाहरूका लागि वातावरणीय तथा सामाजिक व्यवस्थापन प्रणाली तयार गरिसकेको छ। वातावरणीय तथा सामाजिक व्यवस्थापन प्रणालीमा एमसिए-नेपाल तथा यसका निर्माण कम्पनीहरू/परामर्शदाताहरूले पालना गर्नुपर्ने वातावरणीय, सामाजिक, स्वास्थ्य तथा सुरक्षासम्बन्धी सम्पूर्ण प्रक्रियाहरू समेटिएको छ।

### ३.१.५ स्वास्थ्य तथा सुरक्षा

एमसिए-नेपालले कोभिड-१९ को अवस्था र अन्य स्वास्थ्य एवं सुरक्षा जोखिमसम्बन्धी अनुगमन कार्यलाई जारी राख्यो। एमसिए-नेपालका कर्मचारीहरू र रुख गणना तथा स्थलगत नापजाँच कार्यमा संलग्न भएका डिभिजन वन कार्यालयको टोली सदस्यहरूलाई व्यक्तिगत सुरक्षा उपकरणहरू वितरण गरिएको थियो।

## ३.२ सामाजिक सुरक्षा तथा पुनर्वास

सामाजिक सुरक्षा तथा पुनर्वाससम्बन्धी प्रगति निम्नानुसार छन् :

### ३.२.१ जग्गा प्राप्ति तथा पुनर्वास क्रियाकलाप

एमसिए-नेपालले काठमाडौँ जिल्लाबाहेक विद्युत् प्रसारण आयोजना कार्यान्वयन हुने नौ जिल्लामा प्रसारण टावरको जग निर्माणका लागि आवश्यक जग्गा प्राप्तिमा उल्लेख्य प्रगति गरेको छ। नौवटै जिल्लामा जग्गा प्राप्ति ऐन, २०३४ को दफा ९ को व्यवस्था अनुसार प्राप्ति गरिने जग्गाको पूर्ण विवरणसहितको सार्वजनिक सूचना प्रकाशन भइसकेको छ। उक्त सूचना प्रकाशन गरिएपछि प्राप्ति गरिने जग्गाको मुआब्जा सिफारिस गर्नका लागि गठित मुआब्जा सिफारिस उप-समितिहरूले नौ वटै जिल्लामा स्थलगत प्रमाणीकरण भ्रमण सम्पन्न गरिसकेका छन्।

विद्युत् प्रसारण आयोजना अन्तर्गत विद्युत् प्रसारण टावरका जगहरू निर्माणका लागि प्राप्ति गरिने जग्गाको मुआब्जा दर नवलपरासी (बर्दघाट सुस्ता पश्चिम), मकवानपुर र धादिङ जिल्लामा निर्धारण गरिसकिएको छ।



*धादिङ जिल्लामा विद्युत् प्रसारण टावरका जगहरू निर्माणका लागि आवश्यक जग्गाको मुआब्जा दर निर्धारण गर्न २०८१ साल वैशाख १८ गते बसेको मुआब्जा निर्धारण समितिको बैठक।*

जग्गा प्राप्ति ऐन, २०३४ को व्यवस्था अनुसार सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा गठित मुआब्जा निर्धारण समितिहरूले आवश्यक प्रक्रिया तथा अनिवार्य क्रियाकलापहरू पूरा गरी सरोकारवालाहरूसँगको परामर्श समेतका आधारमा मुआब्जा निर्धारण गरेका थिए।

विद्युत् प्रसारण आयोजना अन्तर्गत विद्युत् प्रसारण टावरका जगहरू निर्माणका लागि आवश्यक जग्गाको मुआब्जा दर नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) जिल्लामा २०८१ साल असार २३ गते, मकवानपुर जिल्लामा वैशाख २८ गते र धादिङ जिल्लामा वैशाख १८ गते निर्धारण गरिएको हो।

यसैगरी अन्य जिल्लामा गठन गरिएका मुआब्जा निर्धारण समितिहरूले पनि निकट भविष्यमा मुआब्जा दर निर्धारण गर्नेछन् ।

यस अघि एमसिए-नेपालले जग्गाको मूल्याङ्कन सिफारिशका लागि ती जिल्लामा मुआब्जा निर्धारण समितिहरूको मातहत सहायक प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा गठन गरिएका उप-समितिहरूलाई स्थलगत भ्रमण गराएको थियो । उक्त भ्रमणमा सम्बन्धित सरकारी कार्यालयहरूका प्रतिनिधिहरूका साथै निर्वाचित जनप्रतिनिधिहरूको पनि सहभागिता रहेको थियो ।



*मकवानपुर जिल्लामा विद्युत् प्रसारण टावरका जगहरू निर्माणका लागि आवश्यक जग्गाको मुआब्जा दर निर्धारण गर्न २०८१ साल वैशाख २८ गते बसेको मुआब्जा निर्धारण समितिको बैठक ।*



*नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) जिल्लामा विद्युत् प्रसारण टावरका जगहरू निर्माणका लागि आवश्यक जग्गाको मुआब्जा दर निर्धारण गर्न २०८१ साल असार २३ गते बसेको मुआब्जा निर्धारण समितिको बैठक ।*



*प्राप्तिका लागि पहिचान गरिएका जग्गाको प्रमाणीकरणका लागि सिन्धुपाल्चोक जिल्लामा स्थलगत भ्रमण गर्नुहुँदै मुआब्जा निर्धारण समिति मातहत गठन गरिएको उप-समितिका सदस्यहरू ।*

### प्रजिअहरुसँग जग्गा प्राप्ति प्रक्रियासम्बन्धी कार्यशाला

एमसिए-नेपालले आयोजना प्रभावित पाँच वटा जिल्ला तनहुँ, पाल्पा, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम), मकवानपुरका प्रमुख जिल्ला अधिकारीहरू र नवलपरासी (बर्दघाट सुस्ता पूर्व) का सहायक प्रमुख जिल्ला अधिकारीको सहभागितामा बुटवल जिल्लामा जग्गा प्राप्ति प्रक्रियासम्बन्धी दोस्रो चरणको कार्यशाला २०८० साल साउन ८ गते आयोजना गऱ्यो । प्रक्रियासम्बन्धमा साझा समझदारी विकास गर्न आयोजित उक्त कार्यशालाको अध्यक्षता तात्कालीन अर्थमन्त्री डा. प्रकाशशरण महतले गनुभएको थियो ।



*जग्गा प्राप्ति प्रक्रिया सहजीकरणका लागि बुटवल जिल्लामा २०८० साल साउन ८ गते आयोजना गरिएको कार्यशालामा आयोजना प्रभावित पाँच वटा जिल्लाका प्रमुख जिल्ला अधिकारीहरू ।*

## ३.२.२ पुनर्वास क्रियाकलापहरु

### पुनर्वास कार्ययोजनालाई सुसूचित गर्न घरपरिवार तथा भौतिक क्षतिसम्बन्धी सर्वेक्षण

एमसिए-नेपालले एमसिए-नेपाल सञ्चालक समितिले पारित गरेको पुनर्वास नीति संरचना अनुसार आयोजना प्रभावित परिवारहरूको सामाजिक-सांस्कृतिक, जनसाङ्ख्यिकी तथा आर्थिक जानकारीहरू प्राप्त गर्नका लागि विद्युत् प्रसारण आयोजना प्रभावित दश वटा जिल्लामध्ये नौ वटा जिल्लामा घरपरिवार तथा भौतिक क्षतिसम्बन्धी सर्वेक्षण गरेको छ ।



*आयोजना प्रभावित परिवारहरूको सामाजिक-सांस्कृतिक, जनसाङ्ख्यिकी तथा आर्थिक जानकारीहरू प्राप्त गर्नका लागि तनहुँ जिल्लामा घरपरिवार सर्वेक्षण गरिँदै ।*

## रातमाटे जीविकोपार्जन पुनःस्थापना कार्यक्रम सम्पन्न

एमसिए-नेपालले २०७८ साल चैत ४ गतेदेखि सञ्चालन गरेको रातमाटे जीविकोपार्जन पुनःस्थापना कार्यक्रम आफ्ना परामर्शदाता सप्रोस नेपालको सहयोगबाट २०८१ साल जेठ ११ गते सम्पन्न गरेको छ। उक्त कार्यक्रम नुवाकोट जिल्लाको रातमाटेमा गरिएको जग्गा प्राप्तिबाट प्रभावित करिब २७० जना व्यक्तिहरूको जीविकोपार्जन पुनःस्थापना वा सुधार गर्नका लागि कार्यान्वयन गरिएको थियो।

उक्त दुई बर्से कार्यक्रम अन्तर्गत कृषि विकास क्रियाकलापहरू, सीपमूलक तालिमहरू, वित्तीय साक्षरता कार्यक्रम, लैङ्गिक तथा सामाजिक समावेशीकरण एवं जीवनोपयोगी सीपसम्बन्धी अभिमूखीकरण, प्रौढ साक्षरता तालिम, व्यावसायिक योजना विकास लगायतका विभिन्न पहलहरू सञ्चालन गर्नुका साथै एउटा बहुउद्देश्यीय सहकारी पनि स्थापना गरिएको थियो।

जीविकोपार्जन पुनःस्थापना कार्यक्रम अन्तर्गत व्यावसायिक तरकारी खेती, बाख्रापालन, कुखुरापालन तथा धान खेती जस्ता कृषि विकाससम्बन्धी तालिम १०६ जना आयोजना प्रभावित व्यक्तिलाई प्रदान गरिएको थियो। तालिमपछि आयोजना प्रभावित व्यक्तिहरूलाई प्रदान गरिएको परामर्श तथा प्राविधिक सहयोगका कारण उनीहरूको कृषि उत्पादकत्वमा ३०३ प्रतिशतले वृद्धि भएको थियो। यसैगरी उक्त कार्यक्रमको सीपमूलक तालिम क्रियाकलाप अन्तर्गत १८ वटा विभिन्न रोजगारीमूलक तालिममा १६३ जना आयोजना प्रभावित व्यक्ति सहभागी भएका थिए।

आयोजना प्रभावित व्यक्तिहरूलाई वित्तीय साक्षरता, प्रौढ साक्षरता, लैङ्गिक तथा सामाजिक समावेशीकरण एवं जीवनोपयोगी सीपसम्बन्धी अभिमूखीकरण पनि प्रदान गरिएको थियो। यी प्रशिक्षणबाट आयोजना प्रभावित व्यक्तिहरू वित्तीय व्यवस्थापनमा सक्षम बन्नुका साथै बचत गर्न एवं उद्यमशील बन्न प्रोत्साहित भएका थिए। यस कार्यक्रमको पहलमा २०८० साल वैशाख २७ गते दर्ता गरिएको बेलकोटगढी नगर पालिकाकै पहिलो सहकारीले आयोजना प्रभावित व्यक्तिहरूलाई बचत तथा ऋणमा पहुँच उपलब्ध गराएको छ।

समग्र रूपमा जीविकोपार्जन पुनःस्थापना कार्यक्रमले कृषि उत्पादकत्वमा अभिवृद्धि गरी आयस्तर तथा उन्नत रोजगारीका लागि आवश्यक सीपलाई उकासेको छ। फलस्वरूप ३४ जना आयोजना प्रभावित व्यक्तिहरूले रोजगारी पाएका छन् भने ३९ जनाले आफ्नै व्यवसाय शुरु गरेका छन्।



*कुखुरापालन प्रशिक्षणप्राप्त एक आयोजना प्रभावित महिला आफ्ना कुखुराका चल्ला स्याहार्दै।*



*आयोजना प्रभावित व्यक्तिहरू अटोमोबाइल मेकानिक प्रशिक्षण लिँदै।*



*ब्यूटिसियन पुनःताजगी प्रशिक्षणमा भाग लिँदै आयोजना प्रभावित महिलाहरू।*



*व्यावसायिक कृषिसम्बन्धी प्रशिक्षणप्राप्त एक आयोजना प्रभावित महिला आफ्ना उत्पादन टिप्दै।*

## खण्ड ४

# लैङ्गिक तथा सामाजिक समावेशीकरण

लैङ्गिक र सामाजिक समावेशीकरण एमसिए-नेपालका आयोजनाहरूको डिजाइन र कार्यान्वयनका क्रममा पूरा गर्नुपर्ने एक आवश्यकता हो । लैङ्गिक र सामाजिक समावेशीकरणसम्बन्धी मुद्दाहरूप्रति प्रतिबद्ध रहने सन्दर्भमा एमसिए-नेपालका आयोजनाहरूका लागि मार्गदर्शक सिद्धान्तहरूहरूका रूपमा एमसीसीको लैङ्गिक नीति, मानव ओसारपसार तथा बेचबिखन नियन्त्रण नीति, २०२१, समावेशीकरण तथा लैङ्गिक रणनीति, यौन दुरुत्साहनसम्बन्धी मार्गनिर्देशक टिप्पणी तथा नेपाल सरकारका राष्ट्रिय नियमावलीहरू रहेका छन् ।

एमसीसी मानव ओसारपसारविरुद्धको नीतिमा गरिएको व्यवस्था अनुरूप विद्युत् प्रसारण आयोजना र सडक मर्मत आयोजना दुवैलाई मानव ओसारपसरका सन्दर्भमा उच्च जोखिमयुक्त आयोजनाका रूपमा वर्गीकरण गरिएको छ । सन् २०२४ जुलाईमा प्रकाशित अमेरिकी विदेश विभागको मानव ओसारपसार तथा बेचबिखनसम्बन्धी प्रतिवेदनका अनुसार मानव ओसारपसार तथा बेचबिखनको अवस्थाका सन्दर्भमा नेपाललाई यो वर्ष समूहको तह २ बाट त्यसको निगरानी सूचीमा झारिएको छ । मानव ओसारपसार तथा बेचबिखन रोकथाम तथा न्यूनीकरण पहलमा केन्द्रित हुँदै एमसिए-नेपालले मानव ओसारपसार तथा बेचबिखन जोखिम व्यवस्थापन योजना तयार गरिसकेको छ । यो योजनाले परामर्शदाता तथा निर्माण कम्पनीहरूलाई आफ्नै मानव ओसारपसार तथा बेचबिखन जोखिम व्यवस्थापन योजना तयार गर्न मार्गनिर्देशन गर्नेछ । यो प्रतिवेदनले समेटेको अवधिमा गरिएका मुख्य क्रियाकलापहरू निम्नानुसार छन् ः

## ४.१ मानव बेचबिखन जोखिम व्यवस्थापन योजना

सम्बन्धित निकायहरू तथा कर्मचारीहरूका लागि अभिमूखीकरण, चेतना अभिवृद्धि तथा प्रशिक्षणसम्बन्धी क्रियाकलापहरू सञ्चालन, जवाफदेहिता सिर्जना तथा अनुपालन नभएको अवस्थामा हुने परिणामबारे साझा समझदारी विकासका माध्यमबाट मानव ओसारपसार तथा बेचबिखनसम्बन्धी जोखिम रोकथाम सुनिश्चित गर्न, मानव ओसारपसार तथा बेचबिखनसम्बन्धी घटनाबारे प्राप्त भएको कुनै पनि जानकारीलाई सम्बोधन गर्न आवश्यक सबै न्यूनीकरण योजना, संस्थागत व्यवस्था तथा तयारी अवस्था विद्यमान रहेको सुनिश्चित गर्न तथा नेपाल सरकारका कानुनहरू तथा एमसीसी मानव ओसारपसार तथा बेचबिखनविरुद्धको नीति (सन् २०२१) का प्रावधानहरू पालना गर्न मुख्य कार्यान्वयनकर्ताहरू सरोकारवालाहरूबीच साझेदारी निर्माण एवं सशक्तीकरण गर्नका लागि एमसिए-नेपालले विद्युत् प्रसारण आयो जनासम्बन्धी मानव ओसारपसार तथा बेचबिखनसम्बन्धी जोखिम व्यवस्थापन योजना तयार गरेको छ ।

## ४.२ मानव ओसारपसार तथा बेचबिखन सम्बोधनसम्बन्धी प्रोटोकल

मानव ओसारपसार तथा बेचबिखनसम्बन्धी शङ्कास्पद घटनाबारे गोप्य रूपमा जानकारी दिने संयन्त्र स्थापना गर्नुपर्नेसम्बन्धमा एमसीसीको मानव ओसारपसार तथा बेचबिखनविरुद्ध नीति, सन् २०२१ मा गरिएको व्यवस्थाको पालना गर्दै एमसिए-नेपालले मानव ओसारपसार तथा बेचबिखनसम्बन्धी गुनासो दर्ता प्रणालीका रूपमा मानव ओसारपसार तथा बेचबिखन सम्बोधनसम्बन्धी प्रोटोकल मसौदा गरेको छ ।



*धादिङमा आमा समूहहरू र सामुदायिक वन उपभोक्ता समूहका सदस्यहरूसँग आयोजना गरिएको विषय केन्द्रित छलफल ।*

यो प्रोटोकल लैङ्गिक हिंसाविरुद्ध राष्ट्रिय महिला आयोगले सञ्चालन गरिरहेको नेपालको राष्ट्रिय हटलाइन प्रणालीको सञ्चालन प्रक्रिया अनुरूप कार्यान्वयन गरिनेछ ।

## ४.३ प्रसारण लाइन पुनर्वास कार्ययोजनामा लैङ्गिक तथा सामाजिक समावेशीकरण

एमसिए-नेपालले स्थानीय समुदायका सामाजिक आयामहरूलाई बुझ्नका लागि नगरपालिकाका उप-प्रमुखहरू, वडा सदस्यहरू, विद्यालयका शिक्षक शिक्षिकाहरू तथा प्रहरी अधिकृतहरूको सहभागितामा विद्युत् प्रसारण आयोजनाबाट प्रभावित नौ जिल्लाहरूमा विषय केन्द्रित छलफलहरू तथा मुख्य सूचना प्रदायक अन्तरवार्ताहरू सञ्चालन गरेको छ । प्रसारण लाइन पुनर्वास कार्ययोजनाद्वारा सिर्जना गरिएको जग्गा प्राप्तिका प्रभावहरू तथा तिनीहरूलाई न्यूनीकरण गर्ने उपायहरू पहिचान गर्नका लागि लैङ्गिक तथा सामाजिक समावशीकरणसम्बन्धी मुद्दाहरू कार्यान्वयन गर्न'पर्ने आवश्यकता अन्तर्गत यी कार्यक्रम कार्यान्वयन गरिएको थियो ।



*मकवानपुरको कैलाश नगरपालिकामा आयोजना प्रभावित महिलाहरूसँग आयोजना गरिएको विषय केन्द्रित छलफल ।*

एमसिए-नेपालले धादिङ तथा मकवानपुर जिल्लाका सम्पूर्ण प्रभावित परिवारहरूका लागि वित्तीय साक्षरता प्रशिक्षण पनि सञ्चालन गरेको थियो । आयोजना प्रभावित व्यक्तिहरूले प्राप्त गरेका मुआब्जा रकम उपयुक्त किसिमबाट उपयोग होस् भन्ने उद्देश्यले उक्त प्रशिक्षणका क्रममा सहभागीहरूलाई तोकिएको बैङ्कमा खाता खोल्नुको महत्व, संयुक्त खाताका फाइदाहरू, डिजिटल बैङ्किङ्गसँग जोडिएको जोखिमहरू तथा विभिन्न बचत कार्यक्रमहरूबारे जानकारी प्रदान गरिएको थियो ।

## ४.४ सुपरिवेक्षण इञ्जिनियरलाई मानव ओसारपसार तथा बेचबिखनसम्बन्धमा अभिमूखीकरण

एमसिए-नेपालले सुपरिवेक्षण इञ्जिनियर वाप्कोस लिमिटेडका टोली नेता, इञ्जिनियर, वातावरणविद्, सामाजिक सुरक्षा विशेषज्ञ तथा अन्य व्यवस्थापन कर्मचारीहरू लगायतका मुख्य विशेषज्ञहरूलाई परामर्शतादाताहरूले तयार गर्नुपर्ने मानव ओसारपसार तथा बेचबिखन जोखिम व्यवस्थापन योजनासहित मानव ओसारपसार तथा बेचबिखनसम्बन्धी मुद्दाहरूसँग सम्बन्धित एमसीसी तथा एमसिए-नेपालका आवश्यकताहरू र मार्गनिर्देशिकाहरूबारे अभिमूखीकरण गराएको थियो ।

# खण्ड ५
# गुनासो सुनुवाइ संयन्त्र

गुनासो सुनुवाइ संयन्त्र एमसिए-नेपालको सरोकारवाला संलग्नता योजनाको एक अङ्ग हो । यो संयन्त्र एमसीसी वातावरणीय मार्गनिर्देशिका, लैङ्गिक नीति, एमसीसी मानव बेचबिखन नियन्त्रण नीति, अन्तरराष्ट्रिय वित्त निगमको कार्यसम्पादन मापदण्ड, नेपाल सरकारका नियमावली तथा नेपालका अन्य आयोजनाका सर्वोत्तम अभ्यासहरूका आधारमा आयोजना अवधिमा सुसूचित परामर्श तथा समावेशी सहभागिताको भावना आत्मसात गर्ने उद्देश्यले तयार गरिएको छ। एकातिर यो समुदायले आफ्ना चासो दर्ता गर्नसक्ने आधिकारिक मञ्च हो भने अर्कोतिर यसले सरो कारवालाले उठाएका विषयबारे समयमै उचित समाधान खोज्नका लागि एमसिए-नेपाल र अन्य सरोकारवालाहरूलाई जानकारी प्रदान गर्दछ।

गुनासो सुनुवाइ संयन्त्र र सरोकारवाला संलग्नता योजना समुदायको विश्वास हासिल गर्नका लागि आधारभूत साधन हुन् । समुदायहरू आयो जनाहरू तथा यिनीहरूका प्रभावबारे सचेत छन्, उनीहरूसँग नियमित रूपमा परामर्श गर्ने गरिएको छ र जिल्लामा रहेका स्थानीय कार्यालयहरू र सम्बन्धित सरोकारवालाहरूसँगका नियमित बैठकका माध्यमबाट दोहोरो सञ्चार कायम गरिएको छ भन्ने कुरा सरोकारवाला संलग्नता योजनाले सुनिश्चित गर्छ।

समुदायहरूले एमसिए-नेपालका आयोजनाहरूमा विभिन्न उपायबाट गुनासो दर्ता गर्न सक्छन् । २०७९ साल असोजमा पुनर्वास कार्ययो जनासम्बन्धी परामर्शदाता परिचालन गरिएपछि विद्युत् प्रसारण आयोजनाले प्रत्येक प्रभावित जिल्लामा सार्वजनिक सूचना केन्द्र स्थापना गरेको छ। ती सार्वजनिक सूचना केन्द्रले गुनासो एकाइका रूपमा कार्य गर्दै आएको छ र यसको सञ्चालन सामुदायिक सम्पर्क अधिकारीबाट पुनर्वास कार्ययोजना कार्यान्वयन अवधिमा हुँदै आएको छ। यसका अतिरिक्त एमसिए-नेपालका जिल्ला सम्पर्क कार्यालयहरूले पनि गुनासो एकाइका रूपमा कार्य गर्दै आएको छ। सार्वजनिक सूचना केन्द्रहरू प्रस्तावित प्रसारण लाइन मार्गको नजिक पर्ने र सम्बन्धित जिल्लाका प्रभावित नगर पालिकाको बीचमा पर्ने स्थानमा स्थापना गरिएको छ। जिल्ला सम्पर्क अधिकारीहरू जिल्ला सदरमुकाममा वा आयोजना प्रभावित क्षेत्र नजिकै बसेर काम गरिरहेका छन् ।

स्थानीय वासिन्दाले आफ्ना गद्रनासा टाढैबाटै दर्ता गर्न सक्ने संयन्त्रको पनि व्यवस्था विद्युत् प्रसारण आयोजनाले गरेको छ। स्थानीय वासिन्दाले आफ्ना गद्रनासा आफै उपस्थित भएर वा फोन, चिठ्ठी वा ई-मेलमार्फत वा मौखिक रूपमा दर्ता गर्न सक्छन् । गद्रनासा प्राप्त गरिएपछि आवश्यक भएमा थप जानकारी माग गर्न सकिन्छ। स्थानीय वासिन्दाले आफ्ना गद्रनासा जिल्ला सम्पर्क अधिकारी वा सामद्रदायिक सम्पर्क अधिकारीको कार्यालयमा वा सिधै काठमाडौँस्थित केन्द्रीय कार्यालयमा दर्ता गर्न सक्छन् । यो व्यवस्थाले गर्दा स्थानीय वासिन्दालाई आफ्नो अनद्रकूल माध्यमबाट गद्रनासा दर्ता गर्नका लागि सहजतासुनिश्चित गरेको छ।

विस्तारित परिमाण र/वा जटिलतायुक्त गुनासा सम्बोधनका लागि तीन तहको निर्णय प्रक्रिया गुनासा सुनुवाइ संयन्त्रले बनाइएको छ। पहिलो तहमा एमसिए-नेपालको निर्णयबाट गुनासो गर्ने व्यक्ति सन्तुष्ट नभएमा उक्त निर्णयविरुद्ध पुनरावेदन गर्न सकिन्छ । उक्त पुनरावेदन प्रक्रियाले गुनासोलाई वडाध्यक्षको अध्यक्षतामा रहेको दोस्रो तहमा पुऱ्याउँछ । यसैगरी दोस्रो तहको गुनासो सुनुवाइ समितिको निर्णयबाट पनि गुनासो कर्ता सन्तुष्ट भएन भने थप सुनुवाइका लागि प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा गठित तेस्रो तहको समितिको पनि व्यवस्था गरिएको छ। गुनासोकर्ता कुनै पनि अनुक्रियाबाट सन्तुष्ट भएन भने उनीहरू कानुनी उपचारका लागि जान सक्छन् । एमसिए-नेपाले सम्पूर्ण गुनासोको दर्तादेखि समाधानसम्मका क्रियाकलापको अनुगमनका लागि गुनासो विवरण राख्ने गरेको छ।

### गुनासाका वर्तमान अवस्था

- अहिलेसम्म (२०८१ साल असार मसान्त) एमसिए-नेपाल कार्यालयमा विद्युतीय प्रसारण आयोजनासँग सम्बन्धित १२३ वटा गुनासो दर्ता भएका छन् ।
- दर्ता भएकामध्ये ४४ वटा गुनासाको सम्बोधन गरेर अन्तिम किनारा लगाइएको छ। ४५ वटा गुनासासम्बन्धी अनुक्रिया सम्बन्धित जिल्ला सम्पर्क अधिकारीहरूलाई उपलब्ध गराइएको छ र किनारा लाग्ने चरणमा छन् । पहिलो तहको सुनुवाइ संयन्त्रले आठ वटा गुनासासम्बन्धमा गरेको निर्णयबाट गुनासोकर्ता सन्तुष्ट नभएकाले दोस्रो तहको छलफल आवश्यक भएको छ। नयाँ दर्ता गरिएका २१ वटा गुनासा सम्बोधन गरी किनारा लगाउनका लागि आवश्यक छलफल अगाडि बढिरहेको छ।
- किनारा लगाउन बाँकी रहेका अधिकांश गुनासा मुआब्जासँग प्रत्यक्ष रूपमा सम्बन्धित छन् र पुनर्वास कार्ययोजना कार्यान्वयनका क्रममा सम्बोधन गरिनेछ।
- गुनासासम्बन्धी डेटाबेस निर्माण गरिएको छ र टोलीले नियमित रूपमा सबै गुनासो समीक्षा गरी आफ्ना सुझाव उपलब्ध गराउन सकोस् भन्ने उद्देश्यले उक्त डेटाबेसलाई आयोजनाको शेयरप्वाइण्ट/ड्राइभमा राखिएको छ।
- एमसिए-नेपालले दर्ता गरिएका गुनासाहरूको निरन्त अनुगमन गरिरहेका छ भन्ने विश्वास निर्माणका लागि सम्बन्धित जिल्ला सम्पर्क अधिकृतहरूबाट गुनासाकर्ता तथा सम्बन्धित सरोकारवालाहरूसँग नियमित सम्पर्क गर्ने कार्य जारी रहेको छ।

# खण्ड ६
# जोखिम तथा न्यूनीकरणका पहलहरू

एमसिए-नेपालले आन्तरिक जोखिम पहिचान प्रक्रिया अपनाएर नेपाल कम्प्याक्टको कार्यान्वयन चरणमा हुनसक्ने अनुमान गरिएका कार्यान्वयनसँग सम्बन्धित सम्पूर्ण जोखिमहरूको विवरणसहितको कार्यक्रम तथा आयोजनास्तरीय जोखिम सूची तयार गरेको छ। नयाँ जोखिम पहिचान गर्न तथा विद्यमान जोखिमका लागि न्यूनीकरण रणनीतिको अनुगमन तथा व्यवस्थापन गर्न प्रत्येक महिना आन्तरिक जोखिम समीक्षा बैठक बस्ने गरेको छ।

जोखिम सूचीमा कार्यक्रम तथा आयोजनासम्बन्धी जोखिमहरूको अभिलेखीकरण गर्नुका अतिरिक्त कम्प्याक्टले उच्चस्तरीय परिणाम प्राप्तिसँग जोडिएका प्रमुख अनुमानहरू तथा जोखिमहरू पनि पहिचान गर्दछ।

### आयोजना सञ्चालन गरिने जिल्लाहरूमा स्थानीयस्तरका गुनासाहरू

एमसिए-नेपालद्वारा गरिएको प्रसारण लाइन मार्गको छनोट, जग्गा प्राप्ति तथा मार्गाधिकारसम्बन्धी विद्यमान अभ्यासहरूप्रतिको सम्भावित असन्तुष्टिका कारण आयोजना प्रभावित मानिसहरू तथा प्रभावित समुदायहरूले विरोध गर्न सक्छन्। यसले गर्दा क्रियाकलापमा अवरोध सिर्जना हुनुका अतिरिक्त जग्गा प्राप्तिमा ढिलाइ भई प्रसारण लाइन निर्माण कार्य थालनी ढिलो हुनसक्ने जोखिम एमसिए-नेपाललाई छ। यसका अतिरिक्त असन्तुष्ट आयोजना प्रभावित मानिसहरूले विरोध पनि गर्नसक्छ भने यसले गर्दा एमसिए-नेपाल र निर्माण कम्पनी/परामर्शदातृ संस्थाका कर्मचारीहरूलाई सुरक्षा जोखिम पनि हुनसक्छ।

यो सम्भावना न्यूनीकरण गर्ने रणनीतिका रूपमा एमसिए-नेपालले स्थानीय सरोकारवालाहरू र प्रभावित समुदायहरूलाई आफ्ना स्थलगत क्रियाकलापबारे सुसूचित राख्नका लागि उनीहरूलाई आफ्ना क्रियाकलापमा सक्रिय रूपमा संलग्न गराइराख्नुका साथै उनीहरूसँग पनि निरन्तर परामर्श कार्य गर्दै आएको छ। यसले आयोजना सञ्चालन गरिने सबै जिल्लामा गुनासो सम्बोधन संयन्त्र स्थापना गरेको छ। यसले गर्दा एमसिए-नेपालसम्बन्धी चासोहरूबारे जानकारी दिन र तिनीहरूलाई समाधान/सम्बोधन गर्न उपयुक्त उपाय अपनाउनका लागि सामुदायिक तथा स्थानीय सरोकारवालाहरूलाई सहज भएको छ।

जग्गा प्राप्ति ऐन, २०३४ अनुसार मुआब्जा दर निर्धारण गर्ने अधिकार पूर्ण रूपमा सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा रहेको मुआब्जा निर्धारण समितिलाई प्रदान गरिएको भए पनि उक्त समितिले निर्धारण गर्ने मुआब्जा दर उचित भएको सुनिश्चित गर्नका लागि एमसिए-नेपालले काम गरिरहेको छ। एमसिए-नेपालले आफ्नो प्रसारण लाइन पुनर्वास कार्ययोजनासम्बन्धी परामर्शदाताले तयार गरेको बजार मूल्याङ्कन प्रतिवेदनका रूपमा मुआब्जा दरसम्बन्धी प्रारम्भिक सिफारिशबारे विचार गर्न प्रमुख जिल्ला अधिकारीद्वारा गठन गरिएको उप-समितिलाई स्वतन्त्र सुझाव प्रदान गर्दछ।

### सामाजिक तथा वातावरणीय सुरक्षासम्बन्धी आवश्यकताप्रति निर्माण कम्पनीहरूको उपेक्षा

निर्माण कम्पनीहरू/परामर्शदाताहरूले वातावरण तथा सामाजिक कार्यसम्पादन, लैङ्गिक तथा सामाजिक समावेशीकरणसम्बन्धी आवश्यकताहरू र मानव बेचबिखन जोखिमको व्यवस्थापनका साथै सम्बन्धित अन्य सुरक्षा पहलहरू अपनाउनुपर्छ। यी आवश्यकता पूरा नभएमा आयोजना कार्यान्वयन प्रभावित हुनसक्छ। यो जोखिम न्यूनीकरण गर्ने उपायका रूपमा आयोजना कार्यान्वयनका क्रममा आवश्यक सम्पूर्ण वातावरण तथा सामाजिक मापदण्ड पूरा गरिएको सुनिश्चित गर्नका लागि एमसिए-नेपालले वातावरण प्रभाव मूल्याङ्कन, वातावरण तथा समाजिक प्रभाव मूल्याङ्कन, सामाजिक तथा लैङ्गिक समावेशीकरण योजना लगायतका सम्पूर्ण मूल्याङ्कन तथा योजनाहरूलाई अन्तिम रूप दिइसकेको छ। विद्युत् प्रसारण आयोजना तथा सडक मर्मत आयोजना दुवैका लागि मानव बेचबिखन जोखिम व्यवस्थापन योजनाको मसौदा पनि तयार गरिसकिएको छ।

## खण्ड ७

# वित्तीय विवरण

एमसिए-नेपालले गत आर्थिक वर्ष २०८०/०८१ मा कुल रु. २,०४,८५,८२,०२०।८६ (नेपाल सरकारको कोषबाट रु ४०७१९०५९।०७ र एमसीसी कोषबाट रु २,००,७८,६२,९६१।७९) खर्च गरेको छ।

नेपाल सरकारको कार्यालय महालेखा परीक्षकको कार्यालयबाट एमसिए-नेपालको आव २०७९/०८० को लेखापरीक्षण सम्पन्न भइसकेको छ।

आर्थिक वर्ष २०८०/०८१ को वित्तीय कारोवार (नेपाली रूपैयाँमा) को झलक र विस्तृत विवरण तल दिइएको छ।

### क. आर्थिक वर्ष २०८०/०८१ को खर्चको झलक (नेपाली रूपैयाँमा) :

**आयोजना/क्रियाकलापका आधारमा खर्चहरु**

| आयोजना/क्रियाकलाप | नेपाल सरकार | एमसीसी | जम्मा रकम |
|---|---|---|---|
| विद्युत् प्रसारण आयोजना | १,१८,८९,६४७।५१ | १,५१,२१,६९,४८०।८८ | १,५२,४०,५९,१२८।३९ |
| सडक मर्मत आयोजना | २,०७,३८९।१४ | ४,०४,३९,४६६।५३ | ४,०६,४६,८५५।६७ |
| अनुगमन तथा मूल्याङ्कन | - | १,८०,२५०।- | १,८०,२५०।- |
| कार्यक्रम व्यवस्थापन | २,८६,२२,०२२।४२ | ४५,५०,७३,७६४।३८ | ४८,३६,९५,७८६।८० |
| **जम्मा** | **४,०७,१९,०५९ ।०७** | **२,००,७८,६२,९६१ ।७९** | **२,०४,८५,८२,०२० ।८६** |

**चालू/पुँजीगत आधारमा खर्चहरु**

| खर्च शीर्षक | नेपाल सरकार | एमसीसी | कुल रकम |
|---|---|---|---|
| चालू खर्च | ३,०४,४१,०४७।- | ६२,१५,४६,४३७।७० | ६५,१९,८७,४८४।७० |
| पुँजीगत खर्च | १,०२,७८,०१२।०७ | १,३८,६३,१६,५२४।०९ | १,३९,६५,९४,५३६।१६ |
| **जम्मा** | **४,०७,१९,०५९ ।०७** | **२,००,७८,६२,९६१ ।७९** | **२,०४,८५,८२,०२० ।८६** |

## ख. कोष तथा लेखा नियन्त्रकको कार्यालयलाई उपलब्ध गराइएको आर्थिक वर्ष २०८०/०८१ को विस्तृत वार्षिक वित्तीय प्रतिवेदन :

### १. चालू

मिलेनियम च्यालेञ्ज एकाउण्ट नेपाल विकास समिति (एमसिए-नेपाल)

कार्यालय कोड नं : 305003504

**आर्थिक विवरण**

आ.व.: 2080/81

**बजेट उपशीर्षक नम्बर:** 305001083

**आयोजना/कार्यक्रम नाम:** मिलिनियम च्यालेन्ज एकाउण्ट नेपाल

| खर्च/वित्तीय संकेत नम्बर / | प्राथमिक तह स्रोत व्यहोर्ने | भुक्तानी विधि | अन्तिम बजेट | जम्मा खर्च | बाँकी बजेट |
|---|---|---|---|---|---|
| **22111पानी तथा बिजुली** | | | **7,300,000.00** | **6,357,658.30** | **942,341.70** |
| | 1100001-नेपाल सरकार/प्रदेश सरकार | 01-नगद | 600,000.00 | 0.00 | 600,000.00 |
| | 2227005-मिलिनियम च्यालेन्ज कार्पोरेशन यू एस ए | 32-सोझै भुक्तानी अनुदान | 6,700,000.00 | 6,357,658.30 | 342,341.70 |
| **22112संचार महसुल** | | | **900,000.00** | **645,250.00** | **254,750.00** |
| | 1100001-नेपाल सरकार/प्रदेश सरकार | 01-नगद | 700,000.00 | 0.00 | 700,000.00 |
| | 2227005-मिलिनियम च्यालेन्ज कार्पोरेशन यू एस ए | 32-सोझै भुक्तानी अनुदान | 200,000.00 | 645,250.00 | -445,250.00 |
| **22212इन्धन (कार्यालय प्रयोजन)** | | | **2,900,000.00** | **694,857.39** | **2,205,142.61** |
| | 1100001-नेपाल सरकार/प्रदेश सरकार | 01-नगद | 2,200,000.00 | 0.00 | 2,200,000.00 |
| | 2227005-मिलिनियम च्यालेन्ज कार्पोरेशन यू एस ए | 32-सोझै भुक्तानी अनुदान | 700,000.00 | 694,857.39 | 5,142.61 |
| **22213सवारी साधन मर्मत खर्च** | | | **2,100,000.00** | **887,602.02** | **1,212,397.98** |
| | 1100001-नेपाल सरकार/प्रदेश सरकार | 01-नगद | 1,200,000.00 | 0.00 | 1,200,000.00 |
| | 2227005-मिलिनियम च्यालेन्ज कार्पोरेशन यू एस ए | 32-सोझै भुक्तानी अनुदान | 900,000.00 | 887,602.02 | 12,397.98 |
| **22214बीमा तथा नवीकरण खर्च** | | | **9,800,000.00** | **8,128,756.10** | **1,671,243.90** |
| | 1100001-नेपाल सरकार/प्रदेश सरकार | 01-नगद | 5,100,000.00 | 0.00 | 5,100,000.00 |
| | 2227005-मिलिनियम च्यालेन्ज कार्पोरेशन यू एस ए | 32-सोझै भुक्तानी अनुदान | 4,700,000.00 | 8,128,756.10 | -3,428,756.10 |
| **22221मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च** | | | **800,000.00** | **432,593.29** | **367,406.71** |
| | 1100001-नेपाल सरकार/प्रदेश सरकार | 01-नगद | 400,000.00 | 52,779.61 | 347,220.39 |
| | 2227005-मिलिनियम च्यालेन्ज कार्पोरेशन यू एस ए | 32-सोझै भुक्तानी अनुदान | 400,000.00 | 379,813.68 | 20,186.32 |
| **22291अन्य सम्पत्तिहरूको संचालन तथा सम्भार खर्च** | | | **3,600,000.00** | **994,579.41** | **2,605,420.59** |
| | 2227005-मिलिनियम च्यालेन्ज कार्पोरेशन यू एस ए | 32-सोझै भुक्तानी अनुदान | 3,600,000.00 | 994,579.41 | 2,605,420.59 |
| **22311मसलन्द तथा कार्यालय सामाग्री** | | | **4,600,000.00** | **3,189,168.65** | **1,410,831.35** |
| | 1100001-नेपाल सरकार/प्रदेश सरकार | 01-नगद | 2,300,000.00 | 978,857.82 | 1,321,142.18 |
| | 2227005-मिलिनियम च्यालेन्ज कार्पोरेशन यू एस ए | 32-सोझै भुक्तानी अनुदान | 2,300,000.00 | 2,210,310.83 | 89,689.17 |
| **22315पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च** | | | **2,300,000.00** | **2,243,693.24** | **56,306.76** |
| | 2227005-मिलिनियम च्यालेन्ज कार्पोरेशन यू एस ए | 32-सोझै भुक्तानी अनुदान | 2,300,000.00 | 2,243,693.24 | 56,306.76 |
| **22411सेवा र परामर्श खर्च** | | | **569,238,000.00** | **559,167,749.12** | **10,070,250.88** |
| | 1100001-नेपाल सरकार/प्रदेश सरकार | 01-नगद | 80,667,000.00 | 28,194,026.44 | 52,472,973.56 |
| | 2227005-मिलिनियम च्यालेन्ज कार्पोरेशन यू एस ए | 32-सोझै भुक्तानी अनुदान | 488,571,000.00 | 530,973,722.68 | -42,402,722.68 |
| **22412सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च** | | | **400,000.00** | **102,000.00** | **298,000.00** |
| | 1100001-नेपाल सरकार/प्रदेश सरकार | 01-नगद | 200,000.00 | 0.00 | 200,000.00 |
| | 2227005-मिलिनियम च्यालेन्ज कार्पोरेशन यू एस ए | 32-सोझै भुक्तानी अनुदान | 200,000.00 | 102,000.00 | 98,000.00 |
| **22413करार सेवा शुल्क** | | | **4,000,000.00** | **2,742,945.80** | **1,257,054.20** |
| | 1100001-नेपाल सरकार/प्रदेश सरकार | 01-नगद | 3,000,000.00 | 0.00 | 3,000,000.00 |
| | 2227005-मिलिनियम च्यालेन्ज कार्पोरेशन यू एस ए | 32-सोझै भुक्तानी अनुदान | 1,000,000.00 | 2,742,945.80 | -1,742,945.80 |
| **22511कर्मचारी तालिम खर्च** | | | **8,000,000.00** | **1,909,790.30** | **6,090,209.70** |
| | 1100001-नेपाल सरकार/प्रदेश सरकार | 01-नगद | 2,000,000.00 | 0.00 | 2,000,000.00 |
| | 2227005-मिलिनियम च्यालेन्ज कार्पोरेशन यू एस ए | 32-सोझै भुक्तानी अनुदान | 6,000,000.00 | 1,909,790.30 | 4,090,209.70 |
| **22522कार्यक्रम खर्च** | | | **16,140,000.00** | **11,094,051.69** | **5,045,948.31** |
| | 1100001-नेपाल सरकार/प्रदेश सरकार | 01-नगद | 3,440,000.00 | 0.00 | 3,440,000.00 |
| | 2227005-मिलिनियम च्यालेन्ज कार्पोरेशन यू एस ए | 32-सोझै भुक्तानी अनुदान | 12,700,000.00 | 11,094,051.69 | 1,605,948.31 |
| **22612भ्रमण खर्च** | | | **31,700,000.00** | **15,693,742.70** | **16,006,257.30** |
| | 1100001-नेपाल सरकार/प्रदेश सरकार | 01-नगद | 13,300,000.00 | 207,389.14 | 13,092,610.86 |
| | 2227005-मिलिनियम च्यालेन्ज कार्पोरेशन यू एस ए | 32-सोझै भुक्तानी अनुदान | 18,400,000.00 | 15,486,353.56 | 2,913,646.44 |
| **22711विविध खर्च** | | | **1,330,000.00** | **521,082.80** | **808,917.20** |
| | 1100001-नेपाल सरकार/प्रदेश सरकार | 01-नगद | 850,000.00 | 108,258.55 | 741,741.45 |
| | 2227005-मिलिनियम च्यालेन्ज कार्पोरेशन यू एस ए | 32-सोझै भुक्तानी अनुदान | 480,000.00 | 412,824.25 | 67,175.75 |
| **28142घर भाडा** | | | **33,500,000.00** | **32,455,775.19** | **1,044,224.81** |
| | 1100001-नेपाल सरकार/प्रदेश सरकार | 01-नगद | 1,500,000.00 | 0.00 | 1,500,000.00 |
| | 2227005-मिलिनियम च्यालेन्ज कार्पोरेशन यू एस ए | 32-सोझै भुक्तानी अनुदान | 32,000,000.00 | 32,455,775.19 | -455,775.19 |
| **28143सवारी साधन तथा मेशिनर औजार भाडा** | | | **14,400,000.00** | **4,726,188.70** | **9,673,811.30** |
| | 1100001-नेपाल सरकार/प्रदेश सरकार | 01-नगद | 1,900,000.00 | 899,735.44 | 1,000,264.56 |
| | 2227005-मिलिनियम च्यालेन्ज कार्पोरेशन यू एस ए | 32-सोझै भुक्तानी अनुदान | 12,500,000.00 | 3,826,453.26 | 8,673,546.74 |
| | **जम्मा** | | **713,008,000.00** | **651,987,484.70** | **61,020,515.30** |

## २. पुँजीगत

मिलेनियम च्यालेञ्ज एकाउण्ट नेपाल विकास समिति (एमसिए-नेपाल)

कार्यालय कोड नं : 305003504

**आर्थिक विवरण**

**आ.व.: 2080/81**

**बजेट उपशीर्षक नम्बर:** 305001084

**आयोजना/कार्यक्रम नाम:** मिलिनियम च्यालेन्ज एकाउण्ट नेपाल

| खर्च/वित्तीय संकेत नम्बर / | प्राथमिक तह | | अन्तिम बजेट | जम्मा खर्च | बाँकी बजेट |
|---|---|---|---|---|---|
| | स्रोत व्यहोर्ने | भुक्तानी विधि | | | |
| **31112गैर आवासीय भवन निर्माण/खरिद** | | | **7,000,000.00** | **7,000,000.00** | **0.00** |
| | 2227005-मिलिनियम च्यालेन्ज कार्पोरेशन यू एस ए | 32-सोझै भुक्तानी अनुदान | 7,000,000.00 | 7,000,000.00 | 0.00 |
| **31122मेशिनरी तथा औजार** | | | **37,972,000.00** | **17,984,898.40** | **19,987,101.60** |
| | 1100001-नेपाल सरकार/प्रदेश सरकार | 02-नगद (आन्तरिक ऋण) | 6,500,000.00 | 0.00 | 6,500,000.00 |
| | 2227005-मिलिनियम च्यालेन्ज कार्पोरेशन यू एस ए | 32-सोझै भुक्तानी अनुदान | 31,472,000.00 | 17,984,898.40 | 13,487,101.60 |
| **31123फर्निचर तथा फिक्चर्स** | | | **3,700,000.00** | **933,100.00** | **2,766,900.00** |
| | 1100001-नेपाल सरकार/प्रदेश सरकार | 02-नगद (आन्तरिक ऋण) | 400,000.00 | 0.00 | 400,000.00 |
| | 2227005-मिलिनियम च्यालेन्ज कार्पोरेशन यू एस ए | 32-सोझै भुक्तानी अनुदान | 3,300,000.00 | 933,100.00 | 2,366,900.00 |
| **31134कम्प्युटर सफ्टवेयर निर्माण तथा खरीद खर्च** | | | **6,465,000.00** | **5,387,315.73** | **1,077,684.27** |
| | 1100001-नेपाल सरकार/प्रदेश सरकार | 02-नगद (आन्तरिक ऋण) | 700,000.00 | 0.00 | 700,000.00 |
| | 2227005-मिलिनियम च्यालेन्ज कार्पोरेशन यू एस ए | 32-सोझै भुक्तानी अनुदान | 5,765,000.00 | 5,387,315.73 | 377,684.27 |
| **31135पुँजीगत परामर्श** | | | **431,544,000.00** | **186,436,916.17** | **245,107,083.83** |
| | 2227005-मिलिनियम च्यालेन्ज कार्पोरेशन यू एस ए | 32-सोझै भुक्तानी अनुदान | 431,544,000.00 | 186,436,916.17 | 245,107,083.83 |
| **31153विद्युत संरचना निर्माण** | | | **1,680,387,000.00** | **1,162,868,308.50** | **517,518,691.50** |
| | 2227005-मिलिनियम च्यालेन्ज कार्पोरेशन यू एस ए | 32-सोझै भुक्तानी अनुदान | 1,680,387,000.00 | 1,162,868,308.50 | 517,518,691.50 |
| **31411जग्गा प्राप्ति खर्च** | | | **338,623,000.00** | **10,278,012.07** | **328,344,987.93** |
| | 1100001-नेपाल सरकार/प्रदेश सरकार | 02-नगद (आन्तरिक ऋण) | 338,623,000.00 | 10,278,012.07 | 328,344,987.93 |
| **31441करार लीज तथा लाइसेन्स खरिद प्राप्ति खर्च** | | | **16,000,000.00** | **5,705,985.29** | **10,294,014.71** |
| | 2227005-मिलिनियम च्यालेन्ज कार्पोरेशन यू एस ए | 32-सोझै भुक्तानी अनुदान | 16,000,000.00 | 5,705,985.29 | 10,294,014.71 |
| | **जम्मा (पूजिगत)** | | **2,521,691,000.00** | **1,396,594,536.16** | **1,125,096,463.84** |
| | **जम्मा (चालु)** | | **713,008,000.00** | **651,987,484.70** | **61,020,515.30** |
| | **कुल जम्मा** | | **3,234,699,000.00** | **2,048,582,020.86** | **1,186,116,979.14** |

# खण्ड ८
# सामुदायिक आवाज

## आर्थिक अवसर सिर्जना गर्दै भिमेश्वर बहुउद्देश्यीय सहकारी लि.

नुवाकोटको रातमाटेका आयोजना प्रभावित व्यक्तिहरूको जीविकोपार्जन पुनःस्थापनाका लागि एमसिए-नेपालले तयार गरेको रातमाटे जीविकोपार्जन पुनःस्थापना कार्यक्रमको एउटा मुख्य कार्य आयोजना प्रभावित परिवारहरूलाई उनीहरूका कृषि क्रियाकलाप र आयमूलक व्यवसायमा सहयोग उपलब्ध गराउन बचत तथा ऋण परिचालनका लागि सहकारी स्थापना गर्नु पनि थियो ।




एमसिए-नेपालको परामर्शदातृ संस्था सप्रोस नेपालको सहयोग र प्राविधिक मार्गनिर्देशनमा नुवाकोटको बेलकोटगढी नगरपालिकामा स्थापना गरिएको भिमेश्वर बहुउद्देश्यीय सहकारी लिमिटेड २०८१ साल वैशाख २८ गते दर्ता गरिएको थियो । सहकारीका सदस्यहरूको क्षमता अभिवृद्धिका लागि लेखापालन, सहकारी व्यवस्थापन, सुशासन, बचत तथा ऋण परिचालन, वित्तीय ऋण वितरण एवं असुलीका साथै कृषि उत्पादनको बजारीकरणका लागि सम्पर्क विस्तारसम्बन्धमा प्रशिक्षण पनि प्रदान गरिएको थियो ।

उक्त सहकारीका अध्यक्ष तथा आयोजना प्रभावित व्यक्ति श्री महेश्वर न्यौपाने भन्नुहुन्छ, "सहकारीले चुनौतिहरूको सामना गर्न सामाजिक एकता तथा पुनरुत्थान क्षमता प्रवर्द्धन गर्दै सदस्यहरूबीच एकता तथा पारस्परिक सहयोगको भावना विकास गर्नेछ। यसले दिगो जीविकोपार्जन अपनाउन र दीर्घकालीन आर्थिक स्थायित्व हासिल गर्न आयोजना प्रभावित परिवारहरूलाई सशक्तीकरण गर्दै सीप विकास, ज्ञान आदानप्रदान तथा क्षमता अभिवृद्धिको मञ्चका रूपमा पनि सेवा उपलब्ध गराउनेछ।"

सप्रोस नेपालका जीविकोपार्जन पुनःस्थापना कार्यक्रम टोली नेता श्री सञ्जु बगाले भन्नुहुन्छ, "बेलकोटगढी नगरपालिकामा सहकारी दर्ताका लागि आवश्यक विनियम नभएकोले सहकारी दर्ता गर्न केही समस्या सामना गर्नुपरेको थियो । निकै प्रयासपछि उक्त विनियम पारित गराउनुका साथै त्यसलाई अभ्यासमा ल्याउनका लागि विभिन्न प्रमुख क्रियाकलापहरू सञ्चालन गर्नेसन्दर्भमा जीविकोपार्जन पुनःस्थापना कार्यक्रम टोलीले नै सहजीकरण गर्नुपरेको थियो ।"

बेलकोटगढी नगरपालिकाका प्रमुख श्री जगत बहादुर गुरुङले २०८१ साल असार २० गते उक्त सहकारीको औपचारिक उद्घाटन गर्नुभएको थियो। जीविकोपार्जन पुनःस्थापना कार्यक्रम सम्पन्न हुँदासम्ममा उक्त सहकारीले आफ्ना सदस्यहरूबाट एक करोड २२ लाख २८ हजार सात सय रुपियाँ सङ्कलन गरेको थियो भने आफ्नै साना व्यवसाय सञ्चालन गर्न वा सञ्चालनमा रहेको व्यवसायलाई विस्तार गर्न ३४ जनालाई ऋण प्रवाह गरिसकेको थियो । ती ३४ जनामध्ये १६ जना आयोजना प्रभावित व्यक्तिहरू थिए ।



*बेलकोटगढी नगरपालिकाका प्रमुख श्री जगत बहादुर गुरुङ २०८१ साल असार २० गते भिमेश्वर बहुउद्देश्यीय सहकारी लिमिटेडको उद्घाटन गर्नुहुँदै ।*

सहकारी स्थापनासम्बन्धी सफलताको कथा हेर्न तल दिइएको लिङ्कमा जानुहोला :

*Watch the success story: https://www.youtube.com/watch?v=fxkODLkcCUg&t=1s*

## ढाका उद्योगी बन्ने सपना बुन्दै भीममाया



नुवाकोट जिल्लास्थित बेलकोटगढी नगरपालिकाको धनसार गाउँमा ५३ वर्षीया भीममाया लिम्बू आफ्नो श्रीमान, छोरा, बुहारी र दुई वर्षीया नातिनीसँग जीवन बिताइरहनुभएको छ। कुवेतमा वैदेशिक रोजगारीमा रहनुहुँदा उहाँले धनसार गाउँमा एक टुक्रा खेत किन्नका लागि पैसा पठाउनुभएको थियो। सोही खेतमा उहाँको परिवारले गर्ने गरेको बाली र तरकारी खेती नै उहाँहरूको प्राथमिक आयस्रोत थियो।

एमसिए-नेपालले नुवाकोट जिल्लामा रातमाटे सबस्टेशन निर्माणका लागि उहाँहरूको जग्गा प्राप्ति गरेपछि उहाँको परिवारले त्यो जग्गा छोड्नुपर्‍यो। उहाँहरू जग्गाको मुआब्जा लिएर अन्यत्रै सर्नुपर्‍यो। त्यसको लगत्तै भीममाया नेपाल फर्कनुभएको थियो।

एमसिए-नेपालले आयोजना प्रभावित व्यक्तिहरूको जीविकोपार्जन सुधार गर्न जीविकोपार्जन पुनःस्थापना कार्यक्रम सञ्चालन गरेपछि भीममाया आफ्नो परिवारका लागि आयआर्जनको नयाँ क्षितिज उघार्न उक्त कार्यक्रममा सहभागी हुनुभयो। सो क्रममा उहाँले ढाका बुनाइसम्बन्धी तालिम हासिल गर्ने अभिरुचि देखाउनुभएको थियो। उहाँलाई उक्त सीपसम्बन्धी केही पूर्व-जानकारी थियो र त्यससम्बन्धी थप विज्ञता हासिल गरी आफ्नै व्यवसाय सञ्चालन गर्ने इच्छा उहाँको थियो।

शुरुमा त उहाँको श्रीमानले उहाँलाई न उक्त तालिममा जान अनुमति दिनुभयो न त आफ्नै व्यवसाय थाल्ने उहाँको विचारमा साथ नै दिनुभयो। तैपनि उहाँ ढाका बुनाइसम्बन्धी दुई महिने तालिममा सहभागी हुनुभयो र पूरा पनि गर्नुभयो।

उहाँको अभिरुचि र दृढ इच्छाशक्तिलाई दृष्टिगत गरी उहाँलाई थप एक महिना प्रशिक्षण प्रदान गरिएको थियो। तालिम सम्पन्न भएपछि उहाँले मुआब्जाका रूपमा प्राप्त रकमबाटै एउटा ढाका बुन्ने तान र केही कच्चा पदार्थ किन्नुभयो। घरमै बसेर सोही तानमा उहाँले विभिन्न किसिमका ढाकाका कपडा बुन्न थाल्नुभयो र राम्रो भाउमा बिक्री पनि गर्न थाल्नुभयो।

अहिले उहाँ आफ्नो उद्योगलाई विस्तार गर्न अभिप्रेरित हुनुभएको छ। आफ्नो उद्यमबाट कमाएको नाफाबाट ढाका बुन्ने तानको सङ्ख्या बढाउन सकिने आशामा उहाँ हुनुहुन्छ। साथै आफूले सिकेको सीप अन्य स्थानीय वासिन्दाहरूलाई पनि सिकाएर उनीहरूका लागि रोजगारीको अवसर सिर्जना गर्ने सोचमा पनि उहाँ हुनुहुन्छ।

एमसिए-नेपालको सहयोगबाट ढाका बुन्ने आफ्नो सीप परिमार्जन गर्न पाएकोमा र एक जना उद्यमीका रूपमा अगाडि बढ्ने व्यावसायिक अवसर पाएकोमा उहाँ कृतज्ञ हुनुहुन्छ। उहाँ भन्नुहुन्छ, "यो तालिम नपाएको भए म अरु जस्तै कामको खोजीमा विदेश धाइरहेकी हुन्थेँ।"

जीविकोपार्जन पुनःस्थापना कार्यक्रम भौतिक तथा आर्थिक रूपमा विस्थापित व्यक्तिहरूको जीविकोपार्जन सुध्रिएको सुनिश्चित गर्ने अन्तरराष्ट्रिय मापदण्डमा आधारित एमसिए-नेपालको पुनर्वास कार्ययोजनाको एक अभिन्न अङ्ग हो।



*श्रीमती भीममाया लिम्बू नुवाकोटस्थित आफ्नै घरमा ढाका कपडा बुन्नुहुँदै।*

हेर्नुहोस्, भीममायाको कथा :

*https://www.youtube.com/watch?v=TnjHIl94xg4*

*समृद्धिको पाटो, बिजुली र बाटो*



**मिलेनियम च्यालेञ्ज एकाउण्ट नेपाल विकास समिति**
दोस्रो तथा तेस्रो तल्ला, लालदरवार सम्मेलन केन्द्र, याक एण्ड यति कम्प्लेक्स, दरवार मार्ग, काठमाडौं
+९७७-०१-४२३८३५३/४२३८३९२ I info@mcanp.org I www.mcanp.org